Vol. 3, Issue 25, November-December, 2015

**HOT NEPAL Monthly**

# हट नेपाल

वर्ष ३, पूर्णाङ्क २५, मंसिर २०७२, मूल्य रू ३०।-



सीआरआई सम्मानको सम्झना

तिब्बतमा चर्चित नेपाली व्यवसायी

प्याराग्लाइडिङमा युवा आकर्षण

मोबाइलमा संविधान

## कलाकारितामा सन्तानमोह






**TISSOT LADY POWERMATIC 80.** AUTOMATIC MOVEMENT AND A MOTHER-OF-PEARL DIAL. 80 HOURS OF POWER RESERVE. **INNOVATORS BY TRADITION.**

TISSOT.CH

**TISSOT**

LEGENDARY SWISS WATCHES SINCE 1853

**SULUX CENTRE**
Hotel Woodland Complex, Durbarmarg

Branches:
Rama Griha, New Road
Bhatbhateni Super Market, Bhatbhateni


Our Pride...
NEPAL'S #1
Khukri
XXX Rum
Khukri
Rum
Nepal's Finest Rum Since 1959
खुकुरि XXX रम
Khukri
XXX Rum
An exeellent and smooth rum
fully matured in oak vats
PRODUCE OF NEPAL
Distilled, Blended & Bottled By
THE NEPAL DISTILLERIES PVT. LTD.
KATHMANDU, NEPAL
www.khukrirum.com
Since
1959
The Nepal Distilleries (P) Ltd.

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१

Vol. 3, Issue 25, November-December, 2015

Hot Nepal Monthly

# हट नेपाल

वर्ष ३, पूर्णाङ्क २५, मंसिर २०७२

मनोरञ्जन र जीवनशैली मासिक




आवरण तस्वीर : कविन्द्रमान शाक्य

**प्रधान सम्पादक**
व्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
कविन्द्रमान शाक्य
आशाकाजी महर्जन

**ग्राफिक/लेआउट**
श्याम स्याङ्बो

**प्रबन्ध निर्देशक**
कल्पना उप्रेती

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
भोटें, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिस्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
एक्टिभ प्रिन्टिङ प्रेस
गल्कोपाखा, काठमाडौं

**प्रकाशक**
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१





## ९ कलाकारितामा सन्तानमोह

बाबुआमाको इच्छा र आफ्नै रहरले नयाँ पुस्ताका केही युवायुवती नेपाली चलचित्र क्षेत्रमा प्रवेश गरे पनि उनीहरूले यस क्षेत्रमा निरन्तरता दिएको र बाबुआमाको स्थान हासिल गर्न सकेको पाइँदैन ।

## स्वदेशी ऊर्जा १६

एलपी ग्यास, मट्टीतेलभन्दा विद्युतीय ऊर्जा सस्तो पर्ने पटक पटकको अनुसन्धानबाट नै प्रमाणित भइसकेको छ। तर जब हाम्रो खाना बनाउने समय हुन्छ, तब नै लोडसेडिङ गरिदिएर विद्युत् प्राधिकरणले जलस्रोतको दोस्रो धनी देशको खिल्ली उडाइरकेको छ।





## १८ सम्भनामा सीआरआई सम्मान

ठूला सडक, गगनचुम्बी भवन, सडकमा गुड्ने महँगा कारबाट मात्र चीनको प्रगतिको मापन हुँदैन । आर्थिक समृद्धिबाट मात्र पनि विश्वको अग्रणी राष्ट्र मान्न सकिँदैन । प्राचीन सभ्यता, वैदेशिक नीति र त्यहाँका जनता कति सभ्य छन् भन्ने आधार लिनुपर्ने हुन्छ । यी आधारमा चीन अगाडि रहेको छ ।

## प्याराग्लाइडिङमा युवा आकर्षण ३०

नेपालमा प्याराग्याइडिङ सुरू भएको भण्डै दुई दशकमा पहिलो पटक सरकारले लाइसेन्स दिंदा पूर्वका ६ पाइलटले पाएका छन् । अहिले लाइसेन्स प्राप्त पूर्वका पाइलटहरु पूर्वाञ्चलमै व्यावसायिक उडान भर्दै छन् ।





## ३६ तिब्बतमा चर्चित नेपाली व्यवसायी

खराब प्राकृतिक वातावरण, सुस्त यातायात, अनौठो भाषा, व्यापारका कठिनाइ भोगेका तिब्बतका चर्चित नेपाली व्यवसायी दीपकको निरन्तर क्रियाशीलताका कारण ३३ वर्षमा फूलाआनमा आएको परिवर्तनको उनी साक्षी बनेका छन् ।



Registration number **DAO KTM 216/070/71** | **Hot Nepa**l, Entertainment & Lifestyle monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Managing Director: **Kalpana Upreti** | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# पुस्ता हस्तान्तरणको बहस

नेपाली राजनीतिमा बारम्बार पुस्ता हस्तान्तरणको कुरा आउने गरेको छ । नेपाली कांग्रेस, नेकपा एमालेदेखि एमाओवादी सबै पार्टीमा यतिखेर पुस्ता हस्तान्तरणको विषयमा चर्को बहस हुने गरेको छ । पुस्ता हस्तान्तरणको आवश्यकतामाथि जोड दिने कार्य युवा नेताहरूबाट हुँदैआएको छ । कहिले पनि रिटायर्ड नहुने बूढा पुस्ताको कारण पुस्ता हस्तान्तरण गर्ने सोच नेपाली शीर्ष नेताहरूमा देखिएको पाइँदैन । एक पटक मन्त्री, प्रधानमन्त्री, राष्ट्रपतिलगायत उच्च पदमा पुग्नैपर्ने चाहना र यस्ता पदमा पटक पटक पुग्ने लालसा कुनै पनि दलका नेताले त्याग्न सकेका छैनन् । यसका कारण केही गर्छु भन्ने जोश र जाँगर बोकेका युवा नेताहरु निराशजस्ता पनि देखिएका छन् । समय अनुसार चल्नको लागि पुस्ता हस्तान्तरण आवश्यक छ । नेपाली राजनीतिक दलहरूमा पुस्ता हस्तान्तरण नहुँदा नेपाली राजनीतिमा सुधार आउन सकेको छैन र देश विकास र प्रगतिको मार्गमा अघि बढ्न सकेको छैन । मुलुकमा समयको माग अनुसार अग्रगति कायम हुन सकिरहेको छैन । नयाँ सोच र नयाँ योजना नभएकोले पनि मुलुक  पटक पटक विरोध, हडताल, बन्द तथा नाकाबन्दीजस्ता अवरोध र अप्ठ्यारामा फस्ने गरेको छ । यसले गर्दा पनि नेपाली कांग्रेसका सुजाता कोइराला, गगन थापाहरु पुस्ता हस्तान्तरणका लागि लविङ नै गर्न थालेका छन् । यसो भए पनि नेपाली राजनीतिमा यति छिट्टै पुस्ता हस्तान्तरण होला जस्तो देखिंदैन । नेपाली चलचित्रको राजनीतिमा भने सयम अनुसार पुस्ता हस्तान्तरण हुने क्रम जारी रहेको छ । नयाँ कलाकार तथा नयाँ निर्देशक र निर्माता आउने क्रम जारी रहेको छ ।

कलाकारका छोराछोरीले नेपाली चलचित्रको बागडोर सम्हाल्ने प्रयासमा पनि गरिरहेका छन् । नेपाली चलचित्रका कलाकार आफ्ना सन्तानले चलचित्रमा राज गरोस् भन्ने चाहना राख्ने गरेका छन् । उनीहरूको यस्तो सकारात्मक चाहना हुने गरेको भए पनि बाउआमाले जस्तो राज गर्न सकिरहेका भने छैनन् । हुन त नेपाली चलचित्र उद्योग पहिला जस्तो फस्टाउन नसकेको कारण पहिलो पुस्ता जस्तो पछिल्लो पुस्ता यस क्षेत्रमा रमाउन सकेको पाइँदैन । जति पनि बाउआमाको क्रेजबाट रहरले आउने छोराछोरी पुस्ता रहरले नै फर्कने क्रम पनि जारी भएकोले अघिल्लो पुस्ताजस्तो व्यावसायिक बन्न सकेको देखिंदैन । पछिल्लो पुस्ताका कलाकारहरु खुलेर यस क्षेत्रमा जम्न नसक्नुमा उनीहरूमा प्रतिबद्धता तथा लगनशीलता नदेखिनु र तुरुन्ता तुरुन्तै रिजल्ट खोज्ने प्रवृत्ति बाधक बनिरहेको छ । अर्कोतर्फ अघिल्लो पुस्तामा जस्तो नयाँ पुस्तामा धैर्य पनि देखिएको छैन् । अधैर्यताले कलाकारिता गर्न सकिदैन भन्ने ज्ञान नयाँ पुस्तामा आएको देखिएको छैन । कलाकार बन्यो, केही समय रमाइलो गर्‍यो, तुरुन्तै रिजल्ट पाउन नसकेपछि निराश बनेर विदेशतिर हुइंकिने प्रवृत्ति नेपाली चलचित्रको नयाँ पुस्ताका कलाकारमा पाइएको छ ।

कलाकारका छोराछोरी पुस्तामा पुराना रंगकर्मी तथा चलचित्र निर्देशक बद्री अधिकारीकी छोरी नायिका केकी अधिकारीले मात्र पछिल्लो पुस्तामा व्यावसायिक राज गरिएको देखिए पनि मौका तथा अवसर पाएमा अमेरिका हुइंकिने उनीभित्रको भित्री अभिलाषाले कलाकारितामा पछिसम्म निरन्तरता पाउने कुरामा शंका व्यक्त हुन थालिसकेको छ । सुपरस्टार भुवन केसी पुत्र अनमोल केसी राइजिङ स्टारका रूपमा नयाँ पुस्ताका दर्शकले रूचाएका कलाकार भए पनि ढलपलको स्थितिले उनीबाट पनि ठूलो अपेक्षा गर्न सक्ने अवस्था नदेखिएको टिप्पणी यस क्षेत्रमा सुनिने गरेको छ । प्रायः कतिपय कलाकारका छोराछोरीलाई चलचित्र क्षेत्रमा त्यति रूचि हुने गरेको पाइएको छैन । रूचि भएकाहरु पनि पढाइपछिको टाइमपास र केवल अनुभवका लागि लाग्ने अनि पछि विदेश जाने मार्ग बनाउने मात्र देखिएको छ । यस हिसाबले शिव श्रेष्ठ, भुवन केसी, राजेश हमाल, करिश्मा मानन्धर, गौरी मल्ल, शर्मिला मल्ल, रवीन्द्र खड्का लगायतका पुस्ताको बागडोर सम्हाल्ने गतिलो पुस्ता आउन नसक्नु नेपाली चलचित्र उद्योगको दुर्भाग्य जस्तो देखिएको छ । नयाँ पुस्ताले बाबुआमाले अँगालेकै पेसा अँगाल्नु पर्छ भन्ने छैन । फरक पेसाका बाबुआमाबाट आएका पुस्ता भए पनि कलाकारितामा उसको कत्तिको लगनशीलता छ, त्यो महत्वपूर्ण हुन्छ । कलाकारिता भनेको दीर्घ साधनाको क्षेत्र हो र यसबाट लाभ प्राप्त गर्नेभन्दा पनि देश र समाजलाई केही दिने भावना हुनुपर्छ । यदि यो भावना भएन र क्षणिक लाभ हासिल गर्ने माध्यम मात्र बनाइयो भने कलाकार र कलाकारिताको विकास हुन सक्दैन । त्यसैले चाहे जुनसुकै पारिवारिक पृष्ठभूमिबाट आएका नयाँ पुस्ता किन नहुन्, यस क्षेत्रमा समर्पण, त्याग र सेवाको भावना हुनै पर्छ ।

**व्याकुल पाठक**
**प्रधान सम्पादक**

नयाँ पुस्ताले बाबुआमाले अँगालेकै पेसा अँगाल्नु पर्छ भन्ने छैन । फरक पेसाका बाबुआमाबाट आएका पुस्ता भए पनि कलाकारितामा उसको कत्तिको लगनशीलता छ, त्यो महत्वपूर्ण हुन्छ । कलाकारिता भनेको दीर्घ साधनाको क्षेत्र हो र यसबाट लाभ प्राप्त गर्नेभन्दा पनि देश र समाजलाई केही दिने भावना हुनुपर्छ । यदि यो भावना भएन र क्षणिक लाभ हासिल गर्ने माध्यम मात्र बनाइयो भने कलाकार र कलाकारिताको विकास हुन सक्दैन ।

## बदलिंदो सपिङ फेसन

बदलिंदो परिवेशसँगै दसैंका सामाजिक, सांस्कृतिक र आर्थिक पक्ष पनि क्रमशः परिवर्तन भएका छन् । पहिले दसैं मासु खाने, टीका लगाउने, आशीर्वाद थाप्ने र दक्षिणा दिने कुरामा सीमित थियो तर पछिल्ला वर्षमा यसको स्वरूपमा परिवर्तन हुँदै आएको छ । पश्चिमाकरण र उपभोक्तावादी संस्कृतिलाई पछ्याउँदा खुला सामाजिक परिवेशले दसैंको बदलिँदो स्वरूपलाई बल पुर्‍याइरहेको छ । दसैंको आर्थिक र भौतिक पक्षमा सबैभन्दा ठूलो क्रान्ति भएको छ । दसैंलाई भनेर ठूलो धनराशि खर्च गर्नुपर्ने भएको छ । एकसरो नयाँ लुगा लगाउने पुरानो मान्यताको ठाउँमा अहिले डिपार्टमेन्ट स्टोरहरूमा मनलाग्दी लुगाहरु किन्ने होड चलेको छ । त्यसमाथि, विदेशको देखासिकीमा दसैं लगायतका ठूला पर्व तथा विदेशबाट नेपाल फर्कने बेलामा विदेशमा धेरै खर्च गरेर सपिङ् गरेर आउने नेपालीहरूको चर्को फेसनको बारेमा सटीक रूपमा दसैंको आलेख हट नेपालको दसैं अंकमा रोमाञ्चक ढंगबाट प्रस्तुत गरेको पाएँ । यस लेखले नेपालीहरूमा देखिएको सामाजिक परिवर्तनलाई मूर्तरूप दिने प्रयास गरेको छ । विदेश गएपछि केही न केही आफन्तका लागि सपिङ गर्ने र गिफ्ट दिने परम्परालाई उजागर गरेको छ । लेखकको मेहनत तारिफयोग्य रहेको छ ।

– ज्योत्सना प्रधान, नागरी फर्मल्याण्ड, दार्जिलिङ

## आन्दोलन र नाकाबन्दीको मार

हरेक वर्ष दसैंको बेला अमेरिका जाने गरेका नायक राजेश हमाल यो वर्ष पत्नी मधु भट्टराईसँग नेपालमा नै दसैं मनाएको खबर मैले हट नेपाल पढेर थाहा पाएँ । विराटनगर ससुरालीमा दसैंको टीका थाप्न जाने चाहना भए पनि तराई-मधेस आन्दोलनले जाने खासै मुड बन्न नसकेको हमालको यथार्थ हामी सबैका लागि समान भएको छ । यही आन्दोलन तथा नाकाबन्दीले यसपालिको दसैं मैले पनि नचाहेर पनि काठमाडौंमा नै बसेर मनाएँ । महाभूकम्पले थलिएको नेपालमा मधेसवादीहरूले गरेको आन्दोलन र भारतले गरेको अघोषित नाकाबन्दीले नेपालीहरूको मन रोएको छ । हामी समस्यामा परेका छौं । पिरोलिएको मनलाई हट नेपालको दसैं अंक पढेर अलिकति भए पनि बुझाएको छु ।

– सुरज बुढाथोकी, विराटनगर, हाल काठमाडौं

## महँगा सवारीसाधनप्रति आकर्षण

नेपालमा नपत्याउँदो रूपमा महंगा सवारीसाधनप्रति उपभोक्ताहरूको व्यापक आकर्षण रहेको बृहत् नाडा अटो मेलाबाट पुष्टि भएको छ । दसैं तथा तिहारलाई लक्षित गरेर काठमाडौंको भृकुटीमण्डपमा आयोजित एकहप्ते बृहत् नाडा अटो मेलामा करिब ५ अर्ब रूपैयाँ बराबरको सवारी साधन बुकिङ भएको आयोजक नेपाल अटोमोबाइल डिलर एशोसियसनले दाबी गरेको छ । असोज ४ गते सम्पन्न उक्त मेलाको आयोजक एशोसियसनको यो दाबीले नेपालीहरूको महंगा सवारीसाधनप्रतिको आकर्षणमा निकै वृद्धि भएको प्रमाणित गरेको छ । यस हिसाबले पनि नेपालीहरूमा क्रयशक्तिको वृद्धि भएको पाइएको छ । देश गरिब भए पनि जनता कतै धनी भएको




हो कि भन्ने महंगा सवारी साधनमा नेपालीहरूको आकर्षणको खबर हट नेपालमा पढेपछि मलाई यस्तै लाग्न थालेको छ ।

– कविता राई, भोजपुर, दिङ्ला

## साना आँखाको सुन्दरता

आँखालाई सुन्दरताको प्रतीक मानिन्छ । ठूला-ठूला गाजलु आँखाको निकै वर्णन हुने गरेको छ । आँखाको भाकाले नै सबै कुरा हुने भएकोले धर्मग्रन्थहरूमा आँखाको निकै सुन्दर ढंगबाट बयान गर्ने गरेको पाइन्छ । त्यसमाथि, संसार हेर्ने आँखाको सुन्दरताले मानिसलाई अझ सुन्दर बनाउने गर्दछ । ठूला आँखा हुनेहरूको सुन्दरता त्यसै पनि झल्किने गर्दछ । विशेषतः साना आँखा हुनेहरूलाई भने सुन्दरतामा बढी नै मर्का पर्ने गरेको पाइन्छ । साना आँखा हुनेहरूलाई सुन्दर बनाउने काइदाको ब्युटी टिप्स हट नेपालको दसैं अंकमा पढ्ने मौका पाएँ । आफू पनि चिम्से आँखा भएकीले उक्त ब्युटी टिप्स मेरो लागि लाभदायक बनेको छ । यसको लागि ब्युटी एक्सपर्ट रमिता श्रेष्ठलाई धन्यवाद भन्न चाहन्छु ।

– सरिता सुब्बा, धरान, श्यामचोक

## कालजयी गायकको यथार्थ

नेपाली आधुनिक गीत-संगीतका सदाबहार गायक एवम् संगीतकार सूर्य थुलुङ अघिल्ला वर्षको तुलनामा यो वर्ष निकै सक्रिय बनेका छन् । थुलुङले दसैंको शुभकामनास्वरूप देशप्रेमले ओतप्रोत आधा दर्जनभन्दा बढी गीतलाई एल्बमको रूपमा ल्याइसकेका रहेछन् । गायक थुलुङका बारेमा हट नेपालको दसैं अंकबाट जानकारी पाएँ । इलामबासी कालजयी गायकको रूपमा अझ राम्ररी बुझ्न र पढ्न पाएकोमा हट नेपाललाई धन्यवाद ।

– विश्वजंग राई, इलाम

सम्पर्क hotdreamnepal@gmail.com www.facebook.com/hotnepalmagazine @HotNepalMag

## सगरमाथा वारिपारि विमोचित




नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६० वर्ष पूरा भएको अवसरमा नेपाल र चीनका ६० जना लेखकका लेख समावेश गरी पुस्तक तयार गरिएको छ । नेपाली र चिनियाँ दुवै भाषाका लेख समावेश गरी 'सगरमाथा वारिपारि' नाम दिइएको पुस्तकको नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले विमोचन गरेका छन् । कार्यक्रममा मन्तव्य राख्दै कुलपति उप्रेतीले दुई देशको सम्बन्ध मजबुत बनाउन यस किसिमका पुस्तक महत्वपूर्ण हुने धारणा राखे । उनले पुस्तकमा राजनीतिक, कूटनीतिक, साहित्यिक, प्राज्ञिक, व्यावसायिक तथा जनस्तरमा नेपाल-चीनबीचको सम्बन्ध राम्रो बनाउन क्रियाशील व्यक्तिहरूको लेख राखिएकोले हरेक कोणबाट चीनलाई बुझ्न सहायक हुने बताए । नेपालस्थित चिनियाँ दूतावासकी प्रथम सचिव चाउ सियाओ मेईले ६० वर्षको अवधिमा नेपाल र चीनबीचको सम्बन्ध ऐतिहासिक रूपले उचाइमा पुगेको र आगामी दिनमा अझै राम्रो बनाउनु पर्ने धारणा राखिन् । क्यापिटल एफएमका अध्यक्ष प्रकाशबाबु पौडेलले पुस्तक निकै मेहनत गरेर लेखन तथा सम्पादन गरिएकोले नेपाल-चीनको सम्बन्ध बुझ्न महत्वपूर्ण दस्तावेज हुने धारणा राखे । क्यापिटल एफएमका प्रबन्ध निर्देशक सुशील राउतले पुस्तकमा नेपाल-चीन सम्बन्धका विविध आयाम अटाइएको टिप्पणी गरे । सीआरआई नेपाली सेवाका वरिष्ठ पत्रकार चु मेई तथा सीएएमजी नेपालका उपाध्यक्ष जियाङ मिङले दुई देशबीचको सम्बन्ध राम्रो बनाउन यस पुस्तकले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । सीआरआई नेपाली सेवाले प्रकाशन गरेको पुस्तक क्यापिटल एफएम र सीआरआईले संयुक्त रूपमा कार्यक्रम आयोजना गरी विमोचन गरिएको थियो ।

## हनिमुनको खर्च कल्याण कोषमा

हालै विवाहबन्धनमा बाँधिएकी अभिनेत्री रीमा विश्वकर्माले हनिमून मनाउन संचित गरेको रकम चलचित्रकर्मी कल्याण कोषलाई प्रदान गरेकी छन् । कोषकी संयोजक झरना थापालाई अभिनेत्री विश्वकर्माले उक्त सहयोग रकम नगद एक लाख हस्तान्तरण गरेकी छन् । विवाहको लगत्तै माल्दिभ्स वा पेरिस हनिमुन जाने योजना भए पनि उक्त खर्चलाई जोगाएर कोषलाई सहयोग गर्न श्रीमान्-श्रीमतीबीच सहमति भएबमोजिम आफूले चलचित्रकर्मी कल्याण कोषलाई प्रदान गरेको अभिनेत्री विश्वकर्माले बताइन् । विवाहपछि पनि अभिनेत्री विश्वकर्माले अभिनययात्रा जारी रहने प्रतिबद्धता व्यक्त गरेकी छन् । अभिनेत्री विश्वकर्माले चलचित्र 'स्वर'बाट नेपाली चलचित्र क्षेत्रमा डेब्यु गरेकी थिइन् । हालै उनको 'भालेफाइट' नामक चलचित्र रिलिज भएको थियो । टेलिभिजन कार्यक्रम तथा म्युजिक भिडियोपछि चलचित्रमा अभिनय गरेकी अभिनेत्री विश्वकर्माले बेलायतमा बसोबास गर्ने रोबर्ट ल्वागुनसँग विवाह गरेकी थिइन् ।

## पत्रकारको आँखामा चीन




चीनको राजधानी बेइजिङमा कार्यरत पत्रकार चेतनाथ आचार्यको 'मेरा आँखामा चीन' कृति प्रकाशित भएको छ । असोज २५ गते नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले सो कृतिको विमोचन गरेका हुन् । चिनियाँ अन्तर्राष्ट्रिय रेडियो (सीआरआई) नेपाली सेवामा विदेशी विशेषज्ञका रूपमा कार्यरत पत्रकार आचार्यले चीनलाई नजिकबाट नियाल्दै नेपाली पत्रपत्रिकाहरूमा नियमित लेखहरु लेख्दै आएका छन् । आचार्यका विभिन्न पत्रपत्रिकामा प्रकाशित समसामयिक लेखहरूको संलकन नै 'मेरा आँखामा चीन' कृति हो । विमोचन समारोहमा सो कृतिको समीक्षा गर्दै पूर्वमुख्य सचिव लीलामणि पौडेलले आम नेपाली पाठकलाई चीनका बारेमा बुझ्नका लागि 'मेरा आँखामा चीन' कृतिले अहम् भूमिका निर्वाह गर्ने बताए । नेपालको छिमेकी मित्रराष्ट्र चीनका बारेमा अहिले पनि थुप्रै नेपालीहरूमा स्पष्ट जानकारी प्राप्त हुन सकेको छैन । दुई देशबीचमा युगौँ पुरानो सम्बन्ध भए पनि कठिन भौगोलिक सीमा र भाषा तथा संस्कृतिको पृथकताले गर्दा नेपालमा चीनको बारेमा प्रचूर सूचना स्रोतको अभावको समयमा आचार्यको कृतिले नेपालीलाई चीनका बारेमा जानकारी थप्ने कुरामा महत्वपूर्ण उपलब्धि भएको पूर्वमुख्य सचिव पौडेलले बताए । कार्यक्रममा चीनका लागि पूर्वनेपाली राजदूत राजेश्वर आचार्यले नेपाल र चीनबीचको सम्बन्धलाई अझै मजबुत बनाउन र जनस्तरमा पुऱ्याउन पत्रकार आचार्यको पुस्तकले पुलको काम गर्ने विश्वास व्यक्त गरे । कान्तिपुर दैनिकका सम्पादक सुधीर शर्माले नेपालमा चीनको बारेमा लेख्ने व्यक्तिको खडेरी परिरहेका बेला पत्रकार आचार्यले नियमित लेखमार्फत नेपाली पाठकलाई गुन लगाएको र ती नै लेखहरूको संकलनको रूपमा कृति प्रकाशित भएको जानकारी दिए । नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले चीनका बारेमा गहन लेखहरूको संकलन 'मेरा आँखामा चीन' कृति चीनको बारेमा जानकारी राख्न चाहने हरेकका लागि महत्वपूर्ण खुराक भएको दाबी गरे । पत्रकार आचार्यले अथाह चीनको समुद्रबाट आफूले केही थोपा मात्र लिएको बताए । भुँडीपुराण प्रकाशनले बजारमा ल्याएको 'मेरा आँखामा चीन' भित्र चिनियाँ समाज, चिनियाँ संस्कृति, चिनियाँ राजनीति, चिनियाँ कूटनीति, नेपाल-चीन सम्बन्ध र विविध गरी ६ भाग रहेका छन् ।

## सुलोचना पहिलो मिस क्विन लेखनाथ



लेखनाथ मिडिया हाउसको आयोजना र फोटो मण्डलको एसोसिएटिभ पार्टनरमा लेखनाथमा पहिलो पटक भएको मिस क्विन लेखनाथको उपाधि बेगनासतालकी सुलोचना श्रेष्ठले हात पारेकी छन् । अन्तिम प्रतिस्पर्धामा १४ जनालाई पछि पार्दै उनले उपाधि हासिल गरेकी हुन् । योसँगै उनले ताज, नगद, ट्रफी र म्युजिक भिडियोमा अभिनयको अवसर पाएकी छन् । त्यसै गरी कोपिला गुरूङ फस्ट रनरअप र सलिना राणा सेकेन्ड रनर भएकी छन् । मस्ट भ्युअर च्वाइस सबटाइटल तालचोकको मनीषा सुवेदीले जितेकी छन् । प्रतियोगिताको निर्णायकमा विशाल गुरूङ, ध्रुव शर्मा, घनश्याम लामिछाने र अनुराग अधिकारी रहेका थिए । सात तालको सुन्दर नगरी लेखनाथभित्रका युवतीहरूको प्रतिभा निखार्दै उनीहरूको उज्ज्वल भविष्य निर्माण गर्ने उद्देश्यसहित कार्यक्रम गरिएको संयोजक सन्दीप पौडेलले जानकारी दिए ।

## ढकाललाई वर्ल्ड हस्पिटालिटी अवार्ड



हट नेपाल मासिकका स्तम्भकार तथा पाँचतारे होटल सांग्रिलाका एक्जुकेटिभ चिफ सेफ महेशराज ढकाललाई वर्ल्ड हस्पिटालिटी अवार्ड-२०१५ प्रदान गरिएको छ । ग्लोबल एकेडेमी अफ टुरिजम एण्ड हस्पिटालिटी एजुकेशन (गेट कलेज) मा आयोजित कार्यक्रममा उक्त अवार्ड कलेजका प्रमुख कार्यकारी अधिकृत खेम लकाईले प्रदान गरेका हुन् । फ्रान्सको पेरिसमा आयोजित वर्ल्ड हस्पिटालिटी अवार्ड-२०१५ मा नेपालबाट सहभागी ढकाल फस्ट रनरअप बनेका थिए । प्रतियोगितामा फ्रान्सका मारिका बेन्ड्रोफ विजेता बनेकी थिइन् । विश्वभरिबाट पर्यटन तथा आतिथ्य सत्कार क्षेत्रका १९ प्रतियोगीहरूमध्ये अन्तिम प्रतिस्पर्धामा ढकाल फस्ट रनरअप बनेको अवार्ड वितरण कार्यक्रममा बताइएको छ । हरेक वर्ष फ्रान्समा आयोजना हुँदै आएको यस अवार्ड कार्यक्रम विगत १६ वर्षदेखि निरन्तर हुँदैआएको पनि आयोजकले जनाएको छ । विश्वभरबाट नामांकन भएका पर्यटन तथा आतिथ्य सत्कार क्षेत्रका उम्मेदवारहरूमध्येबाट उत्कृष्टताका आधारमा यो अवार्ड प्रदान गरिन्छ । अवार्ड वितरण कार्यक्रममा गेट कलेजका प्रमुख कार्यकारी अधिकृत लकाईले महेशराज ढकालको जीत सम्पूर्ण नेपालीको भएको बताएका छन् । कार्यक्रममा गेट कलेजका अध्यक्ष प्राडा मीनासिंह खड्काले नेपाली युवाले अन्तर्राष्ट्रिय पुरस्कार पाउनु राष्ट्रकै गौरव भएको बताएकी छन् । गेट कलेजका पूर्वविद्यार्थीसमेत रहेका पुरस्कृत एक्जुकेटिभ चिफ सेफ ढकालले नेपालको पर्यटन उद्योगको कठिन घडीमा विश्वको आतिथ्य सत्कार क्षेत्रमा नेपालको पहिचान राख्न सफल भएकोमा गर्व लागेको बताए ।

## सहकारीकी म्यानेजर मिसेस नेपाल इन्टरनेशनल




काठमाडौंमा आयोजना भएको विवाहित महिलाहरूको सौन्दर्य प्रतियोगितामा पाँचथरकी सविता लामिछाने १७ प्रतियोगीलाई पछि पार्दै मिसेस नेपाल इन्टरनेसनलको उपाधि जितेकी छन् । सातमुहाने देउराली बचत ऋण सहकारी संस्थाकी म्यानेजर सविताले बेस्ट पर्सनालिटी र बेस्ट स्पिचको उपाधिसमेत जितेकी छन् । रिबन इन्टरटेनमेन्टले आयोजना गरेको प्रतियोगितामा रीति बराल फस्ट रनरअपका साथ मिसेस ट्यालेन्ट, परिकल्पना राई सेकेन्ड रनरअपका साथ मस्ट क्रिएटिभ र भ्युअर्स च्वाइस, विजेता श्रेष्ठ थर्ड रनरअपका साथ बेस्ट हेयर र ब्युटी विथ पर्पस तथा बबरमहलकी स्मिता पाण्डे फोर्थ रनरअपका साथ मस्ट फ्रेन्डली बन्न सफल भए । प्रतियोगितामा सुमन तामाङ भेटवाल मस्ट पपुलर र बेस्ट स्माइल विजेता बनेकी थिइन् । यस्तै उषा लिम्बू सुब्बा मिसेस क्याटवाक, सोनम श्रेष्ठ केसी मिसेस फोटोजेनिक, दीपिका श्रेष्ठ बस्नेत मिसेस फेसन आइकन, सन्ध्या देउला मिसेस ब्युटिफुल, सरस्वती डंगोल बेस्ट फिजिक, जानकी थापामगर बेस्ट स्किन, सरला श्रेष्ठ मिसेस कन्जिनियालिटी, मीरा मानन्धर बेस्ट डिसिप्लेन र बेस्ट आर्टवर्क, प्रतिमा केसी सोसल वेलफेयर एम्बेसडर, सरिता भुजू श्रेष्ठ मस्ट चार्मिङ, अनिता गुरूङ बेस्ट फिटनेस, सर्वानी पाण्डे बेस्ट एक्टिङ अवार्ड र फेसबुक च्वाइसको विजेता भए ।

# कलाकारितामा सन्तान मोह



निर्देशक बद्री अधिकारी सुपुत्री केकी अधिकारी

तस्वीर : कविन्द्रमान शाक्य

नेपाली चलचित्र कलाकारहरूले आफ्ना छोराछोरीलाई यसै क्षेत्रमा लगाउन चाहे पनि उनीहरूको रूचि र समर्पण भने यस क्षेत्रमा त्यति पाइएको छैन । बाबुआमाको इच्छा र आफ्नै रहरले नयाँ पुस्ताका केही युवायुवती यस क्षेत्रमा प्रवेश गरे पनि उनीहरूले यस क्षेत्रमा निरन्तरता दिएको र बाबुआमाको स्थान हासिल गर्न सकेको पाइँदैन । नेपाली फिल्म क्षेत्रमा मात्र हैन विश्वकै ठूलो सिनेमा उद्योग मानिने बलिउडमा पनि यो प्रवृत्ति देखिएको छ ।

नेपाली चलचित्रका सदावहार सुन्दरी नायिका करिश्मा मानन्धरकी छोरी कवितालाई आमाजस्तै नेपाली चलचित्रमा रम्ने रहर त्यति छैन । कविता यतिखेर अमेरिकामा पढाइलाई नै निरन्तरता दिइरहेकी छिन् । करिश्मा पनि छोरीको चाहनामा आफू रहेको र छोरीलाई जबरजस्ती चलचित्रमा ल्याउने रहर र योजना नभएको बताउँछिन् । करिश्माकी एकमात्र छोरी कविताबाट आमाको बागडोर सम्हाल्ने संभावना न्यून भए पनि भोलिको दिनमा भन्न नसकिने कविताका पिता अभिनेता विनोद मानन्धर बताउँछन् । राम्रो




सुपुत्री कविताका साथमा अभिनेत्री करिश्मा मानन्धर ।

स्टोरीमा होम प्रोडक्सनबाटै चलचित्र निर्माण भएमा शायद खेल्न सक्ने सम्भावना अभिनेता मानन्धरले व्यक्त गरेका छन् ।

करिश्माकी छोरी कविताको नेपाली चलचित्रमा अभिनय गर्ने भित्री चाहना नभएजस्तै सदाबहार सुन्दर नायक अर्जुन श्रेष्ठकी एकमात्र छोरी फियोना श्रेष्ठले पनि खासै रूचि देखाएकी छैनन् । यो वर्ष मात्र प्लस-टु पास गरेकी नायक श्रेष्ठकी छोरी फियोना बाबुजस्तै फिल्म लाइनमा लाग्ने कुनै सोच नभएको बताउँछिन् । फियोना यतिखेर नेपालमा नै बीबीएको पढाइ पूरा गरेर बैंकिङ क्षेत्रमा जम्ने प्रयासमा रहेकी छन् ।

आम कलाकारका छोराछोरी जस्तो विदेश गएर उच्च शिक्षा लिने रहर फियोनामा देखिएको छैन । बाबु अभिनित चलचित्र हेर्दा अत्यन्त राम्रो लाग्ने बताउने उनी बाबुलाई 'साइलेन्ट गुड एक्टर' भन्न रूचाउँछिन् । नायिका झरना थापाकी एकमात्र छोरी सुभाङ्गी पनि बयस्क बनिसकेकी छन् । सुभाङ्गीको आमाजस्तै चलचित्रमा अभिनय गर्ने रहर भए पनि तुरून्तै यस क्षेत्रमा नलाग्ने बताएकी छन् । पहिला पढाइ पूरा गर्ने र त्यसपछि मात्र यसतिर विचार गर्ने उनको सोच रहेको छ ।



सुपुत्री फियोनाका साथमा अभिनेता अर्जुन श्रेष्ठ ।

झरना थापाको होम प्रोडक्सनबाट निर्माण भएको चलचित्र 'ए मेरो हजुर'को सिक्वेल चलचित्र 'ए मेरो हजुर २' को निर्मात्रीको रूपमा सुभाङ्गीलाई एक वर्षअगाडि नै प्रस्तुत गरिए पनि मुलुकको वर्तमान विषम स्थितिले उक्त चलचित्र निर्माण गर्नेतर्फ झरना थापा र उनका निर्माता पति सुनिलकुमार थापाले जाँगर चलाएका छैनन् ।

सकभर नेपाली चलचित्रका कलाकार छोराछोरीलाई कलाकार बनाउन चाहँदैनन् । नेपाली चलचित्रमा लागेर अझै पनि कतिपय अवस्थामा जीवन निर्वाह गर्न सक्ने अवस्था अझै पनि नभएकोले चलचित्रमा छोराछोरी लागेर अझै पनि गर्व गर्न सक्ने अवस्था नभएको बरिष्ठ चलचित्र निर्माता तथा निर्देशक शंभु प्रधानको ठहर छ ।

नेपाली चलचित्रमा बाल कलाकारदेखि छोराछोरीलाई कलाकार



सुपुत्रीका साथमा अभिनेत्री झरना थापा ।



अभिनेता भुवन केसी पुत्र अनमोल केसी ।

बनाउने निर्देशकमा शम्भु प्रधान नै हुन् । निर्देशक प्रधानका दुई छोराछोरी ईश्वरी प्रधान र चंकी प्रधानलाई उनीहरूकै इच्छामा कलाकार बनाएका थिए । प्रधानकी छोरी ईश्वरी १६ वर्ष पुग्नासाथ बाबुले नै निर्माण गरेको चलचित्र '१६-वर्षे जोवन'मा नायिका बनेकी थिइन् । नायिका बनेपछि ईश्वरीले चलचित्रमा भन्दा पढाइमा बढी ध्यान दिइन् । एमबीएसम्मको पढाइ पूरा गरेर बिहे गरी अमेरिका पुगेकी थिइन् । हाल उनी एक सन्तानकी आमा समेत बनिसकेकी छन् । ईश्वरीका भाइ चंकी भने विभिन्न चलचित्रमा बाल कलाकार बनेर चर्चामा आए पनि हाल जवान बनिसक्दा नायक बन्ने सोचमा छैनन् ।

बलिउडमा फिल्म क्यामेरा तथा एडिटिङमा ब्याचलर गरेर आएका चंकी फिल्म क्यामेरामा जम्ने सोचमा छन् । चंकीले क्यामेरा चलाएको होमप्रोडक्सनको चलचित्र 'रंग-बैजनी' गत वर्ष नै रिलिज भइसकेको छ । हाल उनी काठमाडौंको अनामनगरस्थित नूतन फिल्म स्टुडियोमा नै व्यस्त बन्ने गरेका छन् । फिल्म खेल्न धेरै चलचित्र निर्माता तथा निर्देशकले अफर गरे पनि उनले चलचित्रमा हिरो बन्ने चाहना राखेका छैनन् ।

चलचित्र निर्देशक शोभित बस्नेतका छोरा सलोन बस्नेत भने नायक बनिसकेका छन् । सलोनले होस्टल, आभास, एउटा साथी, सम्बोधनलगायतका चलचित्रमा नायकको भूमिका निर्वाह गरेका छन् । चलचित्र 'बाबु'बाट अभिनय आरम्भ गरेका उनले 'हामी तीनभाइ'लगायतका चलचित्रहरूमा गतिलो अभिनय गरेका थिए । बाबु निर्देशक भएकाले पनि सलोनलाई कलाकारितामा प्रवेश गर्न गाह्रो भएन । त्यसमाथि, उनी सानैदेखि नेपाली चलचित्रमा बालकलाकार भएकाले पनि यस क्षेत्रमा जम्न कठिन नभएको उनका बाबु निर्देशक शोभित बस्नेत बताउँछन् ।

निर्देशक बस्नेत आफू हिरो बन्ने रहर पूरा गर्न नसके पनि छोरा हिरो भएकोमा दंग छन् । यता नेपाली चलचित्रका सुपरस्टार हिरो भुवन केसीका छोरा अनमोल केसी चकलेटी हिरोका रूपमा बाबुले जस्तै चर्चा कमाइरहेका छन् । अनमोलले दुई चलचित्र 'होस्टल' र 'जेरी'मा अभिनय गरेको क्रेजले उनको डाइहार्ट फ्यानहरु निकै देखिएका छन् । छोराको त्यसप्रकारको क्रेजबाट हौसिएका भुवन आफै निर्देशक बनेर चलचित्र 'ड्रिम्स' निर्माण गरेका छन्, जसमा अनमोललाई नै हिरो बनाइएको छ ।



निर्देशक नारायण पुरी पुत्र सयम पुरी ।

अरू सेलिब्रिटीका छोराछोरीको भन्दा कलिउडमा भुवनपुत्र अनमोलको क्रेज बढी नै पाइएको छ । यद्यपि, हरेक स्थानमा भुवन आफैले छोरालाई ब्रेक लगाउने कार्यले अघिल्लो वर्षमा जस्तो यो वर्ष अनमोल त्यति चर्चामा देखिएका छैनन् ।

पुराना रंगकर्मी तथा निर्देशक बद्री अधिकारीकी छोरी केकी अधिकारीले नेपाली चलचित्रमा अभिनय गरेर नाम तथा दाम दुवै कमाइसकेकी छन् । सफल नायिकाको कोटीमा परेर विभिन्न फिल्म अवार्डमा पुरस्कार समेत पाइसकेकी केकी अभिनित आई एम सरी, महसुस, मायाको बारीमा, मेरो बेस्ट फ्रेण्ड, बितेका पल, श्री ५ अम्बरे लगायतका चलचित्र चर्चामा छन् । एमबीएको पढाइ पूरा गरिसकेकी केकी लोभलाग्दो बैंकिङ करियरलाई



अभिनेता सोभित बस्नेत पुत्र सलोन बस्नेत ।

छाडेर नेपाली चलचित्रमा लागेकी हुन् । यसमा उनलाई कुनै पछुतो छैन । नाम तथा दाम दुवै कमाउन सफल भएकोमा बैंकिङ करियरभन्दा यो करियर नै राम्रो लागेको प्रतिक्रिया उनले दिइन् ।

अभिनेत्री कविता रेग्मीका छोरा बाल कलाकार अनुभव रेग्मीले रिदम, नाइँ नभन्नु ल लगायत चलचित्रमा अभिनय गरेयता अर्को नयाँ चलचित्र नाइँ नभन्नु ल-४ मा पनि अभिनय गर्ने करिब पक्कापक्की भइसकेको छ । नायक गजित विष्टका छोरा सौगात विष्ट त विश्वकै कान्छा चलचित्र निर्देशक बनेका छन् । सौगातले निर्देशन गरेको चलचित्र लव यु बाबा हो । यो चलचित्रले सिनेमा बजारमा चर्चा पनि निकै बटुल्यो । यही चलचित्र निर्देशनका कारण गिनीज बुक अफ वर्ल्ड रेर्कडमा उनको नाम लेखिएको छ ।

गजितका छोराछोरी दुवै चलचित्र क्षेत्रमा छन् । उनकी छोरी संगमले राष्ट्रिय चलचित्र पुरस्कार पनि पाइसकेकी छन् । गजितले मायाज बार, तोरीलाहुरे, लभ यु बाबालगायत दर्जनौं चलचित्रमा अभिनय गरेका छन् ।



अभिनेता टीका पहाडी सुपुत्र गौरव पहाडी ।

पचासको दशकमा चर्चामा रहेका चलचित्र निर्देशक तथा हाल हिमालय टेलिभिजनका प्रमुख कार्यकारी अधिकृत नारायण पुरीका छोरा संयम पुरी पनि बाल कलाकार हुँदै नेपाली चलचित्रका हिरो बनिसकेका छन् । चलचित्र 'शायद'बाट नायक बनेका संयमले पुन्टे परेड, आभाष, लभसपलगायतका चलचित्रमा अभिनय गरिसकेका छन् । स्वाभाविक अभिनयका धनी अभिनेता टीका पहाडीका छोरा गौरव पहाडी पनि मन्जरी, होस्टेललगायत चलचित्रमा नायक बनिसकेका छन् । त्यस्तै निर्देशक स्वर्गीय शिव रेग्मीकी छोरी भावना रेग्मी, द्वन्द्व निर्देशक राजेन्द्र खड्गीकी छोरी रागिनी खड्गीलगायतले पनि नेपाली चलचित्रमा आफ्नो अभिभावकको बिँडो थाम्ने प्रयास गरेका छन् ।

## कलाकार बूढो हुँदैन

चलचित्र जुनी, सम्झना र कुसुमे रूमालमा अभिनय गर्दा आफू भर्खरको युवा भएको र अहिले एउटा परिपक्व कलाकार भएको बताउने सुपरस्टार नायक भुवन केसीले कलाकार कहिल्यै बूढो नहुने तर्क गरेका छन् । जति उमेर ढल्किदै गयो त्यति नै कलाकारको अभिनय अझ परिपक्व बन्दै जाने नायक केसीको बुझाइ रहेको छ । यद्यपि,



अभिनेता भुवन केसी

कलाकारको पनि उमेरको एउटा दायरा हुन्छ । उसले पनि दोस्रो पुस्तालाई अभिनयको अभिभारा हस्तान्तरण गर्नुपर्छ । आफू पनि यस कुरामा सहमत भएको बताउने नायक केसी पुस्ता हस्तान्तरण गर्ने पक्षमा देखिएका छन् । यसैले गर्दा कान्छो छोरो अनमोल केसीलाई नेपाली चलचित्रको आफ्नो बागडोर सम्हाल्न पठाएको खुलासा उनले गरे ।

## बाबुको नायिका बन्ने रहर

बाबुको नायिका बन्ने रहर मोडल सोना श्रेष्ठको केवल रहरै मात्र भयो । अग्रज नायक शिव श्रेष्ठकी माहिली छोरी सोनाले २०५५ सालतिर नै आफू बाबुको नायिका बनेर नेपाली चलचित्रमा आउने घोषणा गरेकी थिइन् । सोनाको यो अभिव्यक्ति आगो सरह मिडियामा आएपछि नेपाली चलचित्र उद्योगमा कागको फूल चोर्ने कोइली नायकको रूपमा चर्चा पाएका नायक शिव श्रेष्ठले छोरीको त्यो रहर पूरा गर्न दिएनन् । बरू चलचित्रमा भन्दा मोडलिङमा नै व्यस्त बन्न सहयोग गरे । सोनालाई चलचित्रमा नायिका बन्न बाबु नै तगारो बने । यसले गर्दा सोनाले चाहेर पनि बाबुको नायिका बन्ने मौका पाइनन् । पछि निराश बनेर लण्डन गएकी सोना उतै घरजम गरेर बसेकी छन् । चलचित्र र मोडलिङ थाती राखेर हाल लण्डनमा व्यस्त बनेकी सोनाले आफू कुनै बेला नेपाली मोडलिङ क्षेत्रकी हट मोडल भएको कुरा नै बिर्सिसकेकी छन् । पुराना कुरालाई उनी अब याद गर्न चाहन्नन् ।

## परिवारवादको परम्परा

कलाकारका छोराछोरी कलाकार भएको निकै राम्रो हुने धारणा पोख्ने अग्रज चलचित्र निर्देशक तथा निर्माता शंभु प्रधानले कुनै बेला चलचित्रमा परिवारवाद नै ल्याएका थिए । शंभु आफै क्यारेक्टर आर्टिष्ट, पत्नी नूतन नायिका एवम् लेखिका, छोरी ईश्वरी बाल कलाकारदेखि नायिकासम्म र छोरा चंकीलाई बाल कलाकारबाट क्यामेरामेनसम्म बनाएर रेकर्ड नै राखेका थिए । उनको यो रेकर्ड हालसम्म अरू कलाकारले तोड्न सकेको पाइँदैन ।

परिवारका सबैलाई चलचित्रमा लाग्न बढी प्रेरित गर्ने चलचित्र निर्माता तथा निर्देशकका रूपमा देखिएका शंभु प्रधान हिजोआज काठमाडौंको अनामनगरस्थित नूतन स्टुडियो खोलेर चलचित्रकै व्यवसायमा लागिरहेका छन् । चलचित्र निर्माण गर्ने सोच चाहिँ अचेल उनले बनाएको पाइँदैन । छोरी ईश्वरी बिहे गरेर अमेरिकामा नै घरजम

# बलिउडमा कलाकारका छोराछोरी पछाडि







बलिउडमा स्थापित हुनका लागि जोकोही कलाकार पनि कसैलाई गडफादर मानेर अगाडि बढेको पाइन्छ । तर, आफ्ना अभिभावक नै कलाकार छन् भने तिनका सन्तान पनि उनीहरूलाई नै गडफादर मानेर कलाकारितामा सक्रिय बनेको पाइएको छ । बलिउडमा केही यस्ता कलाकार पनि छन्, जसका बाबुआमा फिल्म उद्योगमा हिट भए पनि तिनका सन्तान चाहिँ फ्लपको सूचीमा परिरहेका छन् ।

बलिउड बिग बी अमिताभ बच्चनका अभिनेता छोरा अभिषेक बच्चन पनि फ्लप सन्तानको सूचीमा परेका छन् । सन् २००० मा फिल्म 'रिफ्युजी'बाट करियर सुरु गरे पनि उक्त फिल्म बक्स अफिसमा असफल बन्यो । एउटा हिट फिल्म दिनका लागि अभिषेकले चार वर्ष पर्खनु पर्‍यो । सन् २००४ मा बनेको मणिरत्नमको फिल्म 'युवा' नै अभिषेक अभिनित पहिलो हिट फिल्म बनेको थियो । हालसम्म अभिषेकले अभिनय गरेका १४ फिल्म बक्स अफिसमा फ्लप मानिएका छन् ।

अभिषेकले अभिनय गरेका बन्टी और बबली, गुरु, धुम र सरकार फिल्म मात्र सफल बने । बलिउडका महानायक अमिताभ बच्चनका पुत्र अभिषेकले पिताको प्रतिष्ठा कायम गर्न सकेनन् । अमिताभ बच्चन जस्तै आफ्नो समयमा निक्कै नै लोकप्रिय हिरो धर्मेन्द्रका जेठा छोरा सनी देवलले बलिउडमा आफ्नो स्थान बनाए पनि उनका कान्छा भाइ बबीले दाजुको पदचिन्हलाई पछ्याउन सकेनन् ।

सन् १९९५ बाट फिल्मी करियर सुरु गरेका बबीले २१ फिल्ममा काम गरिसकेका छन् । यी फिल्ममध्ये गुप्त, सोल्जर, बादल, हमराज र दोस्ताना हिट मानिन्छ । अर्का प्रसिद्ध अभिनेता जितेन्द्रकी छोरी एकता कपुरले फिल्म तथा टेलिभिजन शोको निर्माणमा सफलता पाए पनि उनका भाइ तुषारले अभिनेताका रूपमा आफ्नो पहिचान जमाउन सकेनन् । बलिउडका अर्को महशुर अभिनेता शत्रुघ्न सिन्हाका छोरा लव सिन्हाले सन् २०१० मा फिल्म सदियामा काम गरे पनि उक्त फिल्म त्यति लोकप्रिय हुन सकेन ।

बलिउडका सदावहार अभिनेता मानिएका देवानन्दका छोरा सुनिलले ८० को दशकमा आनन्द ही आनन्द, कार थिफ र मैं तेरे लिएजस्ता फिल्ममा काम गरेर आफूलाई स्टार कलाकारको रूपमा स्थापित गराउन खोजे पनि उनी त्यो कामबाट चुकेका थिए । उनी सन् २००१ मा फिल्म 'मास्टर' मार्फत बलिउडमा निर्देशकका रूपमा चिनिन खोजे । तर यसमा पनि उनी सफल बन्न सकेनन् ।

डिस्को डान्सर हिरोका रूपमा कुनैबेला तहल्का मच्चाउन सफल अभिनेता मिथुन चक्रवर्तीका छोरा महाअक्षय चक्रवर्तीले सन् २००८ मा फिल्म जिम्मीबाट बलिउडमा करियर सुरु गरेका थिए तर उक्त फिल्मले त्यति सफलता पाउन सकेन । कुर्बानी, धर्मात्मा, जाबाजजस्ता फिल्ममा अभिनय गरेर चर्चित बनेका अभिनेता तथा निर्माता-निर्देशक फिरोज खानले आफ्नो एक्ला सन्तान फरदीन खानलाई प्रेम आगन नामक फिल्मबाट डेब्यु गराए । फरदिनले रामगोपाल बर्माको केही फिल्ममा काम गरेर सफलता पाए पनि पिताको निधनपछि उनले फिल्मीलाइन नै छाडेका थिए ।

हेमा मालिनी र उनका श्रीमान् धर्मेन्द्रकी छोरी इशा देवलले आमाको पाइलालाई पछ्याउँदै फिल्ममा अभिनय गरेर जम्ने प्रयास गरे पनि आमाजति हिट बन्न सकिनन् । अग्रज अभिनेता राजेन्द्र कुमारका छोरा कुमार गौरवको पहिलो फिल्म लभ स्टोरी रातारात हिट बने पनि त्यसपछिका फिल्ममा कुमार गौरवले सफलता पाउन सकेनन् । यसले गर्दा कुमार गौरव पनि बलिउडबाट टाढिए ।

चर्चित अभिनेता गोविन्दाकी छोरी टिना आहुजाको करिअरमा पनि पहिलो गाँसमै ढुंगा लाग्यो । टिनाको पहिलो फिल्म सेकेन्ड हेन्ड हज्बेन्ड हालै प्रदर्शन भयो । गोविन्दाकी छोरीको अभिनय हेर्न धेरै मानिस हलसम्म पुगे तर निराश भएर फर्कनु पर्‍यो । उक्त फिल्म त राम्रो थिएन नै, गोविन्दाजस्ता अभिनेताले के सोचेर आफ्नी छोरीलाई फिल्म खेल्न अनुमति दिए भन्नेसम्मको चर्चा भयो । न चलचित्रको कथा राम्रो थियो । न त निर्देशक समीप कङले गतिलो निर्देशकीय क्षमता प्रदर्शन गरेका थिए । यसले गर्दा पनि गोविन्दाकी छोरी टिनाको रहर रहरमै सीमित हुनपुग्यो ।

गरेको तथा छोरो फिल्मी इक्वीप्मेन्टको बिजनेसमा रहेकोले खुसी नै रहेका छन् । घरजम गरिसकेकी छोरीलाई चलचित्रमा फर्केर नायिका बनेर अगाडि बढ्न आफूले भन्न पनि नमिल्ने र उनको मर्जी अनुसार चल्नु उनको अधिकार भएको बताउने उनी नयाँ पुस्ताले नेपाली चलचित्र उद्योगको बागडोर सम्हाल्नु पर्ने पक्षमा देखिएका छन् । यद्यपि अघिल्लो पुस्ताले जस्तो नेपाली चलचित्र उद्योगमा नयाँ पुस्ताले सोचेजस्तो उपलब्धि हासिल गर्न नसकेकोमा उनी दु:खी देखिएका छन् । पुस्ता हस्तान्तरण भए पनि अग्रज पुस्ताको जस्तो नयाँ पुस्ताले क्रेज जमाउन नसकेको देख्दा उनी अचम्ममा परेका छन् ।

■ श्याम स्मृत


Radisson
Spa
Lazimpat
Mob.: 9851066687, 9818187446
9860347482, 9803629952

SiBN
REDEFINING NEPALI MEDIA

www.radiosarangi.com




त्यो गुन्जिरहने बाजासँगको आत्मियता, त्यो धुनसँगको अन्तरंग भलाकुसारी ।
अनि त्यो जीवनको गीत गाउँने सारङ्गी दाइको आफ्नै जीवन गाथा ।
जसले बिताएका छन् महत्वपूर्ण पलहरू खेल्दै–रम्दै सारङ्गीसँगै लुकामारी ।

# सारङ्गी दाइ

**हरेक बिहीबार राती ८ देखि ९ बजेसम्म**

capitalFM 92.4 cent percent yours....
क्यापिटल एफएम ९२.४ मेगाहर्ज
बानेश्वर, काठमाडौं

RADIO SARANGI 101.3 MHZ
रेडियो सारङ्गी १०१.३ मेगाहर्ज
बिराटचोक, मोरङ

RADIO SARANGI 93.8 MHZ
रेडियो सारङ्गी ९३.८ मेगाहर्ज
महेन्द्रपुल, पोखरा






# स्वदेशी ऊर्जा



दीपक लोहनी

**एलपी ग्यास, मट्टीतेलभन्दा विद्युतीय ऊर्जा सस्तो पर्ने पटक पटकको अनुसन्धानबाट नै प्रमाणित भइसकेको छ। तर जब हाम्रो खाना बनाउने समय हुन्छ तब नै लोडसेडिङ गरिदिएर विद्युत् प्राधिकरणले जलस्रोतको दोस्रो धनी देशको खिल्ली उडाइरहेको छ।**

अघोषित भारतीय नाकाबन्दीले नेपाली जनजीवन अस्तव्यस्त भइरहेको छ । विषेशतः प्रत्यक्ष असर पार्ने पेट्रोलियम पदार्थ र ग्यासको अभावले नेपालको जुनसुकै भूभागमा बस्ने हरेक व्यक्तिलाई सीधै असर परेको छ । तर हामी नेपालीहरू सरकारलाई स्वाभिमान बन्न घच्घचाउँदै छौं । उता, सरकार भने चीनबाट पेट्रोलियम पदार्थ ल्याउने फिनो तयारी मात्र गर्छ । ओल्लाघरे नरे पल्लाघर सरे भनेझैं तयारीको हौवाले हामीलाई दीर्घकालीन ऊर्जा समाधानको सही बाटो पहिल्याउन मद्दत पटक्कै गर्दैन । यसका लागि हामीले स्वदेशी ऊर्जाको सही चाँजोपाँजो मिलाउनुपर्ने बाटो पनि रोज्नुपर्छ ।

विगत एक महिनादेखि सहरका प्रायः घरका कौसी, बरण्डा, कम्पाउण्ड, चोक र बाटाहरूमा हामीले दाउराबाट आफ्नो खाना बनाइरहेका छौं । घर बनाउँदा मिल्किएका फर्मा र फर्निचरका रहलपहल काठका टुक्राहरूले सहरबासीहरूको स्वाभिमान कति दिनसम्म बचाइराख्ने ? हामीसँग भएको स्वदेशी ऊर्जालाई दीर्घकालीन योजनाअनुरूप सरकारले प्रष्ट नीति ल्याउन नसक्दा हामीले बारम्बार ऊर्जा संकट भोगिरहेका छौं । यस लेखमा हामीसँगै भएको







स्वदेशी ऊर्जाको सानो चर्चा गरिएको छ ।

**क) विद्युतीय ऊर्जा :** एलपी ग्यास, मट्टीतेलभन्दा विद्युतीय ऊर्जा सस्तो पर्ने पटक-पटकको अनुसन्धानबाट नै प्रमाणित भइसकेको छ । तर जब हाम्रो खाना बनाउने समय हुन्छ तब नै लोडसेडिङ गरिदिएर विद्युत् प्राधिकरणले जलस्रोतको दोस्रो धनी देशको खिल्ली उडाइरहेको छ । फेरि बजारमा विदेशी कम्पनीका अनगिन्ती ग्याँस चुल्हो र इन्भर्टर फालाफाल पाइन्छन् तर स्वदेशी सीपको भक्तपुरे माटोको हिटर भने बजारमा कहिले माग त कहिले आपूर्तिको तालमेलको समस्याले बजार थिल्थिलिएको छ ।

**ख) ब्रिकेट :** आधुनिक धूवाँरहित दाउराको रूपमा ब्रिकेटलाई लिइन्छ । मिल्किएका काठका धुलो र प्रयोग भइसकेका कागजहरूबाट सहजै बनाउन सकिने ब्रिकेट सहरबासीहरूलाई नवीन ऊर्जाको रूपमा तुरुन्तै प्रयोगमा ल्याउन सकिन्छ । यसको प्रयोगले एकातिर रोजगारीको अवसरहरू खुल्छ भने अर्कोतिर एलपी ग्यासको आपूर्तिमा कमी आउँछ ।

**ग) सौर्य ऊर्जा :** सामान्य उपकरणबाट निःशुल्क पाइने सौर्य ऊर्जालाई अधिकांश मानिसहरू बेवास्ता गरिरहेका छन् । विकसित देशका साथसाथै हामी र हाम्रोजस्तो देशमा केही व्यक्ति र संघसंस्थाले सौर्य ऊर्जाबाट खाना पकाउने र विद्युत् निकाल्ने काम गरिरहेका छन् । यसतर्फ पनि सर्वसाधारणलाई जानकारी गराउने र सौर्य ऊर्जाप्रति आकर्षित गराउने कार्यको कमी भएको देखिन्छ ।

**घ) मिथेन ग्यास :** हामी आफ्नै मलमूत्रको साथसाथै आफ्नै भान्छाबाट निस्कने फोहोरबाट सहजै मिथेन ग्यास निकाली खाना पकाउन सक्छौं । तर यसको चर्चा र प्रयोग सर्वसाधारणसम्म नपुग्दा हामीमध्ये धेरै यस विषयमा अझै अनभिज्ञ नै छौं । तर मानव मलमूत्र र फोहोरबाट मिथेन ग्यास निकाल्ने काम भने नौलो नभई पुरानो नै हो । अझ ललितपुरको लुभु लामाटार र काठमाडौंको कालिमाटीमा जमिनभित्रबाट निस्किएको मिथेन ग्यासबाट खाना पकाएर खाने धेरै भेटिएका छन् । तीसौं वर्षदेखि ग्रामीण भेगमा गोबर ग्यासको नाममा पनि मिथेन ग्यासको प्रयोग भइरहेको छ । तर सहरी क्षेत्रमा फोहोर र मानव मलमूत्रको प्रयोगबाट मिथेन ग्यास प्रयोग गर्ने सरकारी अनुदान र सहयोग पनि प्रचारप्रसारको अभावमा ओझेलमै परेको छ ।

नेपालजस्तो जलस्रोत र प्राकृतिक सम्पदाले भरिपूर्ण भएको देशमा पेट्रोलियम पदार्थको पनि राम्रै समाधान खोज्न सकिन्छ । तीसौं वर्ष अघिदेखि नै विद्युतीय बस (ट्रली बस) को सफल प्रयोग काठमाडौंको त्रिपुरेश्वरदेखि भक्तपुरको सूर्यविनायक चोकसम्म भइसकेको थियो तर हाम्रै लापरबाहीका कारण त्यस सेवाको विस्तारको सट्टा सेवा नै विस्थापित हुन पुग्यो ।

विद्युतीय सवारीसाधनहरू नेपाली अटोबजारमा भित्रिरहेका नै छन् । त्यसको सहुलियत र सर्वसुलभतातिर जानुपर्ने देखिन्छ । युवाहरूलाई बाइकको सट्टा बाइसाइकलतिर आकर्षित गर्न सक्नुपर्छ ।

बायोडिजेलका रूपमा अफ्रिकातिर सफल प्रयोग भएको ज्याट्रोफा नेपालमा सजीवनका रूपमा परिचित छ । यसको तेलबाट विगत छ-सात वर्षअघि काठमाडौंमा नै गाडी गुडाउने परीक्षण सम्पन्न भएको थियो । तर, सरकार उदासिन हुँदा बायोडिजेल पनि लुप्त अवस्थामा छ ।

यस लेखको उद्देश्य सरकारलाई गाली गर्नु होइन । हामीसँगै भएका स्वदेशी ऊर्जालाई सरकारले सहज प्राथमिकता दिई प्रचारप्रसार गर्नु र हामीजस्ता परामुखी जनताले आफ्नै वरिपरि रहेको स्वदेशी ऊर्जाको उपयोग आफ्नै बलबुताले गर्नु नै रहेको छ । यसतर्फ सरकार र जनता आजैदेखि लागि पर्नुपर्ने देखिन्छ । अब पनि स्वदेशी ऊर्जालाई बेवास्ता गर्ने हो भने हाम्रो मुखमा माड र खुट्टामा चाल हाल्न झन्-झन् हम्मे पर्दै जाने कुरामा दुई मत छैन ।

ठूकै आकारमा छाँटेर सडकका दुवै किनारामा सजाइएका मझौला आकारका ओक वृक्षका पहेंला पातहरु फुत्त फुत्त झरेर मानौं अतिथिहरूको स्वागत गरिरहेका छन् । वातानुकूलित गाडीबाट ओर्लनासाथ हेमन्त ऋतुको चीसो स्याँठले समाते पनि आँखालाई आनन्द दिने बेइजिङ महानगरको व्यवस्थित दृश्यले त्यतातिर ध्यान केन्द्रित हुन दिंदैनथ्यो ।

विश्वकै एउटा अग्रणी प्रसारण संस्था चिनियाँ अन्तर्राष्ट्रिय रेडियो (सीआरआई)ले विश्वका दश उत्कृष्ट इन्टरनेट प्रयोगकर्ता लेखक/पत्रकारलाई सम्मान गर्ने कार्यक्रममा सहभागी हुन म चीनको राजधानी बेइजिङ पुगेको थिएँ । दैनिक पत्रिकाको जिम्मेवारीबाट केही वर्षदेखि अलग भई क्यापिटल एफएम र हट नेपाल मासिकमा संलग्न हुँदा पनि आफ्नो लेखनधर्मलाई निर्वाह गरिरहेको प्रतिफल प्राप्त भएको थियो ।

बेइजिङको समय अनुसार बिहान १०:१५ बजे शिजिङशान रोडमा अवस्थित सीआरआई मुख्यालयमा हामीलाई बोलाइएको थियो । मेरो बसोबास मिलाइएको पाँचतारेवान्डा रियलम होटल नजिकै भएकोले म सीआरआई नेपाली सेवामा विदेशी विज्ञका रूपमा कार्यरत मित्र चेतनाथ आचार्यको साथमा पैदलै सीआरआई कार्यालय पुगेको थिएँ ।

सीआरआईको सम्मेलनकक्षमा विशेष औपचारिक कार्यक्रम सुरू हुनुअघि सीआरआई नेपाली सेवाको कार्यालय अवलोकन र नेपाली सेवाका साथीहरूसँग अन्तरक्रियाको कार्यक्रम राखिएको थियो । विश्वका ६५ वटा भाषामा प्रसारण गरिरहेको सीआरआईले नेपाली भाषालाई पनि उच्च महत्व दिएर प्रसारण गरिरहेको छ । सीआरआईले विगत ४० वर्षदेखि नेपाली भाषामा हरेक दिन चार घन्टा सर्ट वेभ र मिडियम वेभबाट समाचार र कार्यक्रम उत्पादन तथा प्रसारण गरिरहेको छ । पछिल्लो समय वेबसाइटबाट पनि सूचना, ज्ञान र मनोरञ्जन पस्किने कामलाई निरन्तरता दिएको छ । नेपालमा क्यापिटल एफएम र हट नपाल मासिकसँग सहकार्य गरेर सीआरआई नेपाली सेवाले दुई देशको सूचना आदानप्रदानमा अझै सहजता ल्याउने काम गरेको छ । नेपाल र चीनबीच सदियौंदेखि जनस्तरको सम्बन्ध र ६० वर्षदेखि कायम रहेको सुमधुर कूटनीतिक सम्बन्धलाई मजबुत बनाउन सीआरआई नेपाली सेवाले ठूलो भूमिका निर्वाह गरिरहेको छ । नेपाली सेवालाई नेतृत्व गर्ने विगतका चिनियाँ सञ्चारकर्मीहरूको भूमिका महत्वपूर्ण रहेको छ । अहिले नेपाली सेवालाई नेतृत्व प्रदान गर्ने झाङ वी अर्थात् वर्षाको भूमिका झनै सवल देखिएको छ । उनको कार्यकालमा नेपालका मिडियाहरूसँग साझेदारी कायम गरी दुई देशका सूचना आदानप्रदानलाई छिटोछरितो र व्यवस्थित बनाइएको छ । यसलाई सीआरआईकै इतिहासमा एउटा स्वर्णिमा कालखण्डका रूपमा सम्झना गरिनेछ । वर्षा आफ्नो योग्यता र क्षमताले अहिले सीआरआईको उच्च तहमा पुगिसके पनि कतिपय महत्वपूर्ण कार्यक्रम सञ्चालनमा आफै अग्रसर हुने गरेकी छन् ।

# सीआरआई सम्मानको विशेष क्षण







केही महिनाअघि चीनको स्वशासित क्षेत्र तिब्बत स्वतन्त्रताको ५०औं वार्षिकोत्सव मनाइएको विशेष समारोहको प्रत्यक्ष प्रसारणमा वर्षा आफै सहभागी भएकी थिइन् र त्यो कार्यक्रमको क्यापिटल एफएमले ल्हासाबाट प्रत्यक्ष प्रसारण गरेको थियो । यस्ता थुप्रै ऐतिहासिक काम सीआरआई नेपाली विभागले फत्ते गरिसकेको छ । उसको योजनालाई नेपालबाट सघाउने काम क्यापिटल एफएम र हट नेपालले गरिरहेका छन् । यस किसिमको समझदारी र साझेदारीले दुई मिडिया संस्थाको मात्र हैन समग्रमा दुई देशकै सम्बन्ध राम्रो बनाउन मद्दत पुऱ्याउँछ । सीआरआई नेपाली विभागकी प्रमुख वर्षा केवल आफ्नो विभागलाई उत्तम बनाउने मात्र होइन समग्रमा नेपाल–चीन सम्बन्धलाई नै मित्रताको अनुपम नमूना बनाउने काममा केन्द्रित भइरहेको अनुभव मैले गरेको छु ।

अन्तरक्रिया कार्यक्रममा मैले सीआरआई नेपाली सेवाले गर्दै आएका यी र यस्तै राम्रा कामको स्मरण गरें । दुई देशको सम्बन्ध सुमधुर बनाउन मिडियाको भूमिका के हुन सक्छ भन्ने विषयमा आफ्ना धारणा राखें । सीआरआई प्रमुख वर्षा र अन्य साथीहरूबाट पनि महत्वपूर्ण सल्लाह/सुझाव प्राप्त भयो । सीआरआईमा नेपाली विज्ञका रूपमा कार्यरत मित्र अजय अलौकिकले मसँग अन्तरवार्ताका क्रममा पनि नेपाल–चीन सम्बन्ध विस्तार र सुदृढीकरणका विषमै बढी प्रश्न सोधे । मैले आफ्नो अनुभव र ज्ञानले भ्याएसम्म जवाफ दिएँ । खासगरी चीनले नेपाललाई हरेक पटक संकट पर्दा जुन ढंगले सहयोग गरिरहेको छ, त्यो असल मित्रताको अनुपम नमूना नै भएको छ । नेपालले पनि एक चीन सम्बन्धमा अनि नेपालबाट कुनै पनि चीन विरोधी गतिविधि हुन नदिन जुन दृढता देखाएको छ, यो संसारका दुई मुलुकबीच विरलै देखिने उदाहरण हुन् । सीआरआई नेपाली विभागका साथीहरूसँगको अन्तरक्रिया तथा अन्तरवार्तामा मैले यी विषय उठाएको थिएँ ।

२०१५ नोभेम्बर १७ तारिख मेरो जीवनकै सर्वाधिक महत्वको क्षण थियो । सीआरआई जस्तो विश्वसंस्थाले प्रदान गर्ने सम्मान ग्रहण गर्नु जो कोहीका लागि गौरवको विषय हुन्छ । नेपालका राष्ट्रिय तहका विभिन्न संघसंस्थाबाट पुरस्कार र सम्मान प्राप्त गर्दै यो स्थानसम्म आइपुग्दा मैले विगतमा मलाई माया र सम्मान गरेर मेरो व्यक्तित्वलाई उजागर गर्न सहयोग पुऱ्याउने संस्था तथा व्यक्तिहरूलाई सम्झिरहेको थिएँ । वास्तवमा यहाँसम्मको यात्राको आधार त्यहींबाट तय भएको थियो ।

सम्मान वितरणको काम निकै सुव्यवस्थित र सभ्य ढंगले आयोजना गरियो । कार्यक्रमको सभापतित्व सीआरआईका उपप्रमुख सिया जी सुवानले गरेका थिए । सियाले सम्मानका लागि आमन्त्रण गरिएका देशका प्रतिनिधिलाई सम्बन्धित देशका भाषा विभागका प्रमुखसँगै सम्मान, पुरस्कार तथा उपहार प्रदान गरेका थिए । मलाई सम्मान गर्न उपस्थित भएकी थिइन् उनै वर्षा जो नेपालीहरु माझ प्रिय बनेकी छन् ।

मसँगै सम्मानित हुनेमा नाइजेल ब्रुकवेल (बेलायत), चाइवात वानिशवाताना (थाइल्यान्ड), किम योन जुन (दक्षिण कोरिया), हम्प्री अर्नाल्डो रसेल (इन्डोनेशिया), जर्ज टोगोपाउलोस (ग्रिस), फारभारिस रेजभानियस (इरान), ल्यापिन इडवार्ड (रसिया), लिली प्याङ (क्यानडा) र सुरेश अग्रवाल (भारत) का प्रतिनिधि थिए । यीमध्ये अधिकांश नियमित रूपमा इन्टरनेटका माध्यमबाट चीन र आफ्नो देशको सम्बन्ध सुमधुर बनाउन मद्दत गरिरहेका लेखक थिए भने केही तीसौं वर्षदेखि सीआरआईका सम्बन्धित भाषाका कार्यक्रम सुनेर प्रतिक्रिया जनाइरहने श्रोता पनि थिए । सम्मानित व्यक्तिहरूले आ–आफ्ना भाषामा विचार प्रकट गर्ने, त्यसलाई चिनियाँमा अनुवाद गर्ने र सहभागी हामी सबैका लागि उपलब्ध गराइएको दोभाषे मार्फत जानकारी दिने व्यवस्थित शैली कार्यक्रममा अपनाइएको










थियो । चीन अहिले जसरी विश्वमा आर्थिक र सामरिक शक्तिका रूपमा अगाडि बढिरहेको छ; सूचना, भाषा, साहित्य र संस्कृतिका माध्यमबाट पनि आफ्नो प्रभाव कायम गरिरहेको यो एउटा सानो दृष्टान्त थियो ।

सम्मान प्रदान गर्नुअघि तीन दिन हामीलाई चीनका महत्वपूर्ण सम्पदास्थलको भ्रमण गराइएको थियो । चीनको मेरो यो तेस्रो भ्रमण भएकोले पुरै नौलो अनुभव नभए पनि पहिले गर्मी महिनामा घुमेकोमा अहिले जाडो मौसमको भ्रमणमा छुट्टै अनुभव गरिरहेको थिएँ । बिहानैदेखिको हुस्सुले बेइजिङ महानगर खुल्न सकिरहेको थिएन । गाडीबाट बाहिरको दृश्य कताकतै मात्र दृष्टिगोचर हुन्थ्यो ।

विश्वका मानवनिर्मित सात आश्चर्यमध्ये एक चीनको लामो पर्खाल अर्थात् ग्रेटवाल विश्वभरका मानिसका लागि रहस्य र रोमाञ्चको विषय रहँदै आएको छ । मैले पनि चीन देशको नामसँगै ग्रेटवालको नाम सुनेको थिएँ । सानोमा सामान्यज्ञानका पुस्तकमा चन्द्रमाबाट देखिने एक मात्र मानवनिर्मित संरचना चीनको ग्रेटवाल भएको पढेदेखि ममा त्यो रहस्यमय ठाउँमा पुग्ने र त्यसमा आफ्नो पाइला राख्ने अभिलाषा उत्पन्न भएको थियो । अहिले दोस्रो पटक त्यो इच्छा पूरा भइरहेको थियो । करिब दश हजार किलोमिटरमा फैलिएको ग्रेटवाललाई सम्पूर्ण रूपमा छिचोल्न सायद मानिसको एउटा जन्म पर्याप्त हुँदैन । कुहिरोले ढाकेको ग्रेटवाल पुग्नुअगाडि एकहजार एक सय सिंढी उक्लनु पर्‍यो यसपालि । कतिपय विदेशी मित्रका लागि यो सिंढी चढ्नै मुश्किल परिरहेको थियो तर मैले भने आफूलाई सधैं अग्र मोर्चामा नै उभ्याइरहें । भनें– म सगरमाथा भएको देशबाट आएको हुँ, मेरो लागि यति होचा पहाडमा बनाइएको पर्खाल चढ्नु केही होइन !

चीनका विभिन्न समयका सम्राटहरूले बनाएको बृहत् क्षेत्रफलमा फैलिएको दरबार अर्थात् फर्बिडन सिटी चीनमा रहेको अर्को महत्वपूर्ण विश्व सम्पदा हो । यो दरबारको पनि मैले दोस्रो पटक भ्रमण गर्ने अवसर पाएँ । यस पटक यो दरबार घुम्न आउने पर्यटकलाई सजिलोका लागि विभिन्न भाषामा सिडी बनाइएको रहेछ । दरबारको जुन जुन स्थानमा पुगिन्छ, त्यहाँको जानकारी सुन्न सकिने सफ्टवेयर भएको यो सिडी निकै नै उपयोगी लाग्यो । अर्को दिन हामीलाई स्वर्गको मन्दिर अवलोकनका लागि लगियो । यो मन्दिर पनि विभिन्न युगका सम्राटहरूले लामो समय लगाएर ठूलो क्षेत्रफलमा बनाएका थिए । बालीनाली राम्रो होस् भन्नका लागि सम्राटले वर्षको एक पटक यो मन्दिरमा धूमधामसँग पूजा गर्ने गरेको जानकारी हामीलाई गराइयो । तत्कालीन समयमा सर्वसाधारण र महिलालाई प्रवेश निषेध गरिएको यो मन्दिर अहिले बेइजिङको प्रमुख पर्यटक गन्तव्यस्थल भएको छ ।

प्राचीनकालका मात्र होइन आधुनिक युगको प्रगति पनि देखाउने उद्देश्यले होला अर्को दिन चीनको प्रमुख इन्टरनेट कम्पनी '३६०' को भ्रमण गराइयो । ६ हजार कर्मचारी कार्यरत यो कम्पनी सफ्टवेयर र हार्डवेयर उत्पादनका क्षेत्रमा विश्वकै अग्रणी कम्पनीका रूपमा स्थापित भइरहेको छ । कम्पनीकी म्यानेजर जोलिनीले हामीलाई दिएको जानकारी अनुसार अबको केही वर्षमा यो कम्पनीले आफ्नो स्थान अझै मजबुत बनाउनेछ ।

ठूला सडक, सडकमा गुड्ने महँगा कार अनि गगनचुम्बी भवनबाट मात्र चीनले गरेको प्रगतिको मापन हुँदैन । आर्थिक समृद्धि र सामरिक क्षमता वृद्धिबाट मात्र कुनै पनि राष्ट्रलाई विश्वको अग्रणी राष्ट्र मान्न सकिंदैन । यससँगै त्यो राष्ट्रको सभ्यता कति पुरानो छ, त्यो राष्ट्रले कस्तो वैदेशिक नीति लिएको छ र त्यहाँका जनता कति सभ्य छन्, आदि आधार लिनुपर्ने हुन्छ । यी आधारमा चीन अगाडि रहेको मैले पछिल्लो भ्रमणमा पनि महसुस गरें । मलाई उपलब्ध गराइएको नेपाली बोल्ने चिनियाँ दोभाषे मार्फत चीनलाई अझै गहिराइमा बुझ्ने प्रयास पनि गरें । विभिन्न क्षेत्रका व्यक्तिहरूसँगका कुराकानीबाट चीनको आत्मालाई छाम्ने कोसिस गरें । कुनै पनि देश धनी र गरिब, शक्तिशाली र कमजोर हुनसक्छन् तर तिनीहरु विश्व समुदायका समान सदस्य हुन् । चीनले सबैलाई समान सम्मान प्रदान गर्छ भन्ने चीनका वर्तमान राष्ट्राध्यक्ष सी चिनफिङको विचारलाई सबै चिनियाँले आत्मसात गरिरहेको अनुभव मैले गरें ।

■ व्याकुल पाठक

SAMSUNG




यस दशैंमा सामसङ स्मार्टफोन खरिद गरी जित्नुहोस् अनेक आकर्षक उपहारहरु।



BUMPER PRIZE 1 HYUNDAI CRETA SUV*



4 BAJAJ PULSAR 200RS*

One bike every fortnight




224 SAMSUNG SMARTPHONES AND TABS*

Three smartphones and one tab every day

BUY YOUR PHONE → TYPE SAMSUNG<SPACE> XXXXXXXXXXX(ELEVEN DIGIT) SERIAL NUMBER → SEND SMS TO 5051 → GET INSTANT CONFIRMATION OF PARTICIPATION

*Terms and conditions apply. Please contact your nearest Samsung outlet for more information.

Authorized Distributors of Samsung Mobile for Nepal

IMS INTEGRATED MOBILITY SOLUTIONS

HIM ELECTRONICS PRIVATE LIMITED

Samsung service center toll free number:
18000910113





# कल्चरल डान्स
# टिपिकल नेपाली खाना

तस्वीर : कविन्द्रमान शाक्य



नेपाल घुम्न आउने प्रायः विदेशीहरू नेपालमा नेपाली टिपिकल खानेकुरा खान रूचाउँछन् । विदेशी परिकारभन्दा नेपाली परिकार मीठो भन्दै नेपाली खानाको स्वाद लिनेहरूको कमी देखिंदैन । अझ फाइभ स्टार होटलमा बस्ने विदेशी पर्यटक नेपाली टिपिकल खाना भनेपछि हुरूक्कै हुने गरेको पाइएको छ । विदेशी  पर्यटकहरू नेपाली टिपिकल त्यसमाथि अर्गानिक खाना खान रूचाउन थालेका छन् ।

नेपालीहरूमा समेत नेपाली टिपिकल अर्गानिक खाना खान हरेक दिन नभए पनि हप्ताको एकपल्ट वीकेन्ड मनाउन भए पनि त्यस प्रकारका खाना खान जाने गरेको पाइन्छ । यिनै कुरालाई मध्यनजर गरेर काठमाडौंको लाजिम्पाटस्थित पाँचतारे होटल र्‍याडिसन नजिकै एक वर्षयता 'नेपाली भोजन टेष्ट अफ हिमालय' नारासहित नेपाली भोजन नामक रेष्टुरेन्ट संचालनमा आएको छ । विशेषतः यस नेपाली भोजनमा कल्चरल डाइनिङ र मल्टी क्युजिन गरेर दुई किसिमका रेष्टुरेन्ट रहेका छन् ।

कल्चरल डाइनिङ बेलुका ६ बजेदेखि राति १० बजेसम्म करिब चार घण्टा मात्र संचालन हुने गर्छ । चार घण्टाको यस अवधिमा स्वदेशी तथा विदेशी पाहुनाका
























लागि नेपाली टिपिकल अर्गानिक डिनर पस्कने गरिएको नेपाली भोजनका डाइरेक्टर सम्पूर्णदेव थापाले बताएका छन् । जहाँ प्रवेश गर्नासाथ टिपिकल नेवारी ड्रेसमा सजिएका युवतीहरूबाट नेपाली रातो टीका लगाइदिएर स्वागत गरिने नेपाली भोजनको परम्परा नै रहेको मेनेजर दीपक तामाङ बताउँछन् ।

फरक दिन फरक कल्चरल ड्रेसमा त्यसरी स्वागत गर्ने सोच भए पनि हाललाई नेवारी कल्चर झल्कने ड्रेसबाटै स्वागत गरिने प्रचलन राखिएको मेनेजर तामाङ जानकारी दिन्छन् । मेनेजर तामाङका अनुसार टिपिकल नेपाली खाना पस्कनुअगाडि वेलकम फुडका रूपमा मकै, मुस्ताङ्गे आलुको परिकार, छोयला साथमा ऐला अर्थात टिपिकल नेपाली रक्सी, तीन पिसको मम, क्वाँटीको रस सर्भ गर्ने गरिन्छ । त्यसपछि मात्र टिपिकल नेपाली खाना पाहुनाको रूचि अनुसार भेज तथा नन्भेज पस्किने गर्छन् । यसरी नेपाली टिपिकल खानाको स्वाद लिंदै टिपिकल नेपाली कल्चरल डान्स हेर्नुको मज्जा बेग्लै हुने गर्दछ ।

नेपाली भोजनमा लुनिभा आर्ट ग्रुपको कल्चरल डान्स हेर्न पाइन्छ । यसको व्यवस्थापन चर्चित कलाकार एवम् डान्स डाइरेक्टर पल्पसा डंगोलबाट हुँदैआएको छ । लोप हुन लागेको नेपाली चर्या नृत्य, लाखे नृत्य, नेवारी, तामाङ-सेलो, धिमाल, मयुर नृत्य, झांगड नृत्यहरु मज्जाले हेर्न पाइन्छ । ती कल्चरल डान्स हेरेर स्वदेशी तथा विदेशी मक्ख परेर कल्चर डान्स मेनेजर कलाकार पल्पसा डंगोललाई धन्यवाद दिनेहरूको कमी देखिंदैन । कलाकार डंगोल यसलाई आफ्नो विशेषता भन्न रूचाउँछिन् ।

नेपाली भोजनको कल्चरल डाइनिङमा भोजन गर्नको लागि एकजनाले खल्तीमा कम्तीमा १ हजार २ सय रूपैयाँ बोक्नुपर्ने हुन्छ । रातिको डिनरबाहेक बिहानको लन्च र दिउँसो खाजा तथा पार्टी विशेषका लागि मल्टी क्युजिन हलबाट सेवा लिन सकिने डाइरेक्टर थापाले बताएका छन् ।

**सम्पर्क**

**नेपाली भोजन प्रालि**
न्याडिसन लेन, लाजिम्पाट, काठमाडौं
फोन : ४४३८२३१

हट नेपाल



# Karishma Manandhar

KathmanduCraze.com

Photo: Kabindra Man Shakya
Assistant Photographer: Pratik Shakya
Thanks: Govinda Rai







**महेशराज ढकाल**
चिफ सेफ एक्ज्यूकिटिभ, होटल सांग्रिला

# सेलरोटीको स्वादै मीठो

सेलरोटी नेपालीहरूको पहिचानको परिकार नै हो। यो परिकारले विशेषतः तिहारको बेलामा बढी नै महत्व पाउने गरेको छ। सेलरोटी तिहारमा मात्र नभई जुनसुकै समयमा खाँदा पनि स्वादिष्ट हुने गर्छ। यसले पनि नेपालीहरूले जुनसुकै बेलामा मौका तथा अवसर मिलेमा सेलरोटी पकाएर पाहुनाको सत्कार गर्ने प्रचलन रहेको छ। हट नेपालको यस अंकमा सर्वप्रिय सेलरोटी बनाउने रेसेपी म प्रस्तुत गर्दै छु।

## आवश्यक सामग्री


- चामल २०० ग्राम
- मिनी सोडा २५ ग्राम
- सोडा २ ग्राम
- चिनी टेष्ट अनुसार
- काजु र कोकोनट २५ ग्राम
- पानी आवश्यकता अनुसार
- तेल आवश्यकता अनुसार ।


## बनाउने तरिका

- चामललाई राम्ररी धुने र रातभर पानीमा भिजाएर राख्ने ।
- चामलबाट पूरै पानी निकाली त्यसमा मिनी सोडा, काजु, कोकोनट र पानी राखी राम्रोसँग पिस्ने ।
- मध्यम खालको कराई लिने र त्यसमा आवश्यक तेल राख्ने ।
- मन्द आँचमा तेललाई तताउने ।
- तातिरहेको तेलको आँचमा पिसिएको चामलको ब्याटर लिने ।
- दुनोट आकारमा तातेको तेलमा उक्त ब्याटरलाई खैरो नहुन्जेल पकाउने ।
- १२/१२ सेकेण्डमा फर्काएर रातो-खैरो हुनेगरी पाकेपछि निकाल्ने ।
- अब मीठो र स्वादिष्ट सेलरोटी सर्भ गर्न सक्नुहुन्छ ।






QUALITY
PRINTING
True Colors
HEIDELBERG
Ramesh Kishor Shrestha
Active
Printing Press Pvt. Ltd.
Galkopakha-29, Thamel
P.O. Box 4665, Kathmandu, Nepal
Tel: 014022672, 4022656, 016223388
Fax: 977-1-4022656
Mobile: 9851036354
Email: activepress2010@gmail.com
Website: activeprintingpress.com


Fitness Center
Morning Bell
a wellness support
Dhalko, Khusibu, Kathmandu, Nepal, Tel: 4255844
ZUMBA
FITNESS
Massage Chair
CARDIO
GYM HALL SECTION
SAUNA BATH
STEAM BATH
SOFA MASSAGE
JACCUZI BATH
ZAMBA & AEROBIC SECTION
SHOWER BATH
YOGA CLASS
MANY MORE ATTRACTION


APD 亞太日報
ASIA PACIFIC DAILY
ISSUE 26 | JUNE 2015 | 8 PAGES | RS. 5.00
Three interviewees talking about
'community of common destiny'
Community of
Common Destiny
Subcription
Tel : +977-01-4434475, Mobile : 9818 852676, E-mail : xinhuaktm@gmail.com
xinhuanepal @xinhuanepal


....निरन्तर २ दशक देखि
लोकतन्त्र र राष्ट्रियताप्रति समर्पित....
नेपाली राष्ट्रिय दैनिक
हिमालय
टाइम्स
इम्प्रेसन पब्लिकेशन एण्ड मिडिया प्रा.लि.
मध्यबानेश्वर, काठमाडौं
फोन नं. : ०१-४४७८१७७
फ्याक्स : ०१-४४८०५५४
Email : hitanewz@yahoo.com
www.ehimalayatimes.com

# मोबाइलमा संविधान

कुनै पनि देशको मूल कानुन संविधान हो । नेपालमा २०६२/०६३ को जनआन्दोलनपछिको भिन्न राजनीतिक परिवेशपछि २०६४ र २०७१ मा गरी झन्डै ९ अर्ब खर्चिएर दुई पटक संविधानसभाको निर्वाचन सम्पन्न भयो । पहिलो संविधानसभाबाट संविधान जारी गर्ने प्रयास असफल भयो । लामो समयदेखिको राजनीतिक चिन्तन तथा राजनीतिक खिचातानीपछि अन्ततः दोस्रो संविधानसभाबाट २०७२ असोज ३ गते ९० प्रतिशत जनप्रतिनिधिहरूबाट पारित गणतान्त्रिक नेपालको ऐतिहासिक संविधान २०७२ नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवबाट जारी भएको छ ।

नयाँ बानेश्वरको संविधानसभाबाट आफूले रोजी पठाएको जनप्रतिनिधिले संविधानका एक-एक धारा, उपधारा पारित गरेको दृश्य देखाइरहेको टेलिभिजनको प्रत्यक्ष प्रसारणले प्रविधि र नवमिडियाका क्षेत्रमा कार्य गरिरहेको कम्पनी 'विधि'का निर्देशक तथा युवा उद्यमी सुवास सापकोटालाई कम्ती खुसी र ऊर्जा दिइरहेको थिएन । सुवास भन्छन्- 'एकातिर आफ्नो संविधान जारी भइरहेको दृश्य जीवनभरका लागि मस्तिष्कमा सेभ गरिरहेको थिएँ भने अर्कोतिर संविधानसँग ठोक्किन खोज्ने एउटा गज्जबको प्राविधिक चिन्तनले पनि दिमाग हल्लाइरहेको थियो, सहनै सकिनँ र तुरुन्तै प्राविधिक टिमसँग टेलिफोनबाटै कुरा पनि गरें, छलफलले साथीहरु उत्साहित भएको महसुस हुन्थ्यो ।'

सुवास अगाडि भन्छन्- 'खासमा कुरो के थियो भने संविधान जारी भएसँगै यसलाई यदि सहज तवरबाट द्रुत गतिमा नेपालभरि छर्न सकियो भने संविधानका सम्पूर्ण अन्तरवस्तुबारे जनताले सजिलै जानकारी लिन सक्नेछन् । यसबाट कम्तीमा देशका लागि केही भए पनि आफ्नो क्षेत्रबाट गर्न सक्छु कि जस्तो लाग्यो ।'

संविधान जारी भएको २४ घण्टा पनि नबित्दै विभिन्न राजनीतिक मूर्त, अमूर्त व्याख्या गर्दै जारी संविधानका विषयमा तराईका नेपाली जनताहरूमाझ जुन किसिमको भ्रम फैलाउने कार्य गरियो त्यो भ्रम चिर्न भए पनि जारी संविधानको सम्पूर्ण पानालाई व्यवस्थित गर्दै स्मार्ट फोन प्रयोग गर्ने हरेक जनताको पकेट पकेटमा पुऱ्याउने निधो गरिएको जानकारी उनले दिए । तीनजना प्राविधिक साथीहरूको अथक मिहिनेतबाट ३ दिनभित्रै त्यो काम सम्पन्न गरेको सुखद स्मरण उनले सुनाए । त्यसैको प्रतिफल हो, नेपाली राजनीतिक इतिहासकै पहिलो मोबाइल एप्लिकेसन 'हाम्रो संविधान' ।

गुगल प्ले स्टोरमा राखेको ५ दिनमै १५ हजार एन्ड्रोइड फोन प्रयोगकर्ताले डाउनलोड गरेको 'हाम्रो संविधान' अहिलेसम्म ४५ हजारभन्दा बढीले डाउनलोड गरिसकेका छन् ।

देशको राष्ट्रिय रंग सिम्रिक रातोले रंगिएको मोबाइल एप्लिकेसनमा नेपाली झण्डासहितको घेरामा रहेको 'हाम्रो संविधान' लेखिएको ठाउँमा थिच्नेबित्तिकै प्रयोगकर्ताले संविधान पढ्नका लागि नेपाली अथवा अंग्रेजी भाषाको विकल्प रोज्न सक्नेछ र जनताबाट जारी संविधानका एक-एक धारा, उपधारा सहजै पढ्न सकिने किसिमले राखिएको छ ।

एप्लिकेसनको बनोटमा पूर्णतः नेपालीपन दिन खोजिएको छ भने प्रयोगकर्ताले केवल तीन पानामा प्रस्तावना, भाग र अनुसूचीभित्र देशको पहिलो गणतान्त्रिक संविधानका विविध अन्तरवस्तुलाई अध्ययन गर्न सक्नेछन् । एप्लिकेसन नव संविधानको वरिपरि घुमे पनि प्रविधिमार्फत राष्ट्रियतालाई सामाजिक सञ्जालहरूसँग जोड्ने प्रयास गरेको पाइन्छ । एप्लिकेसन खोल्नेबित्तिकै सबैभन्दा माथि प्रयोगकर्ताले राष्ट्रिय झण्डाको पृष्ठभूमिमा आफ्नो तस्वीर अपलोड गरी फेसबुक, ट्वीटरजस्ता माध्यमहरूमा प्रोफाइल तस्वीरको रूपमा प्रयोग गर्न सकिने सरल प्रविधि एप्लिकेशनको थप आकर्षण बनेको छ ।

वीरगन्जमा राजनीति गर्दै आएका नेकपा एमालेका स्थानीय युवा नेता अरविन्द सिंहले यो एप्सले जनताको हात-हातमा संविधान पुऱ्याउन सकेको प्रतिक्रिया दिएका छन् । 'मैल आफ्नो मोबाइलमा हाम्रो संविधान नामक मोबाइल एप्स डाउनलोड गरें, निकै राम्रो पाएँ । संविधान जस्ताको त्यस्तै ई-बुकका रूपमा राखिएको रैछ, आनन्द लाग्यो', उनले भने ।

देशका अधिकांश जनताको हातमा जारी नयाँ संविधान पुग्न नसकेको अवस्थामा संविधानका सबै धारा, उपधाराहरु सजिलै बढीभन्दा बढी नेपालीको पकेटमा प्रभावकारी तरिकाले पुगिदिने हो भने संविधानलाई लिएर उत्पन्न अनेक भ्रम चिर्न सफल हुने धारणा उनले राखे ।




■ सन्तोष देवकोटा

# नेपाली बजारमा सीजीको स्मार्टफोन




नेपाली स्मार्टफोन बजारमा सिजी ब्रान्डको प्रवेश भएको छ । मुलुकको चर्चित औद्योगिक घराना चौधरी ग्रुपले सिजी ब्रान्डको स्मार्टफोन बजारमा ल्याएको छ । डेढ दशकदेखि विदेशी ब्रान्डका मोबाइल बिक्री गर्दै आएको सिजी इलेक्ट्रोनिक्सले आफ्नै ब्रान्डको मोबाइल बजारमा ल्याएको हो । सिजी मोबाइल इओएन र अष्ट्रो गरी दुई सिरिजमा बजारमा ल्याएको सिजी इलेक्ट्रोनिक्सका मार्केटिङ प्रमुख रमेश श्रेष्ठले बताएका छन् । कम्पनीले स्मार्ट र फिचर फोनको हाइब्रिड पीडीए मोडल पनि उपलब्ध गराएको प्रमुख श्रेष्ठले जानकारी दिए । सिजी मोबाइलको मूल्य न्यूनतम १२ सय रूपैयाँदेखि अधिकतम २३ हजार ५ सय रूपैयाँसम्म तोकिएको छ । कम्पनीले एक वर्षमा फिचर र स्मार्टफोन गरी करिब ४ लाख फोन बिक्री गर्ने लक्ष्य राखेको पनि श्रेष्ठले बताए । चौधरी ग्रुपले सन् २०१० मा सिजी ब्रान्डमा सिडिएमए मोबाइल बजारमा ल्याएको थियो । नेपालमा सिडिएमए मोबाइल प्रयोगकर्ता घट्दै गएपछि कम्पनीले उत्पादन बन्द गरेको थियो । पाँच वर्षपछि अत्याधुनिक प्रविधियुक्त स्मार्टफोन लिएर बजारमा आएको प्रबन्ध निर्देशक निर्वाण चौधरीको भनाइ छ ।

### सिजी इओएन इलाइट

सिजी इओएन इलाइट सिजीको अत्याधुनिक स्मार्टफोन हो । यसको मूल्य २३ हजार ५ सय रूपैयाँ तोकिएको छ । यसमा पाँच इञ्चको एमोलेड डिस्प्ले रहेको छ । जसको ७२०x१२८० पिक्सेल रिजोल्युसन रहेको छ । यसले गुणस्तरीय तस्वीर र भिडियोको अनुभव दिलाउने छ । पातलो डिजाइनमा रहेको यो स्मार्टफोन आकर्षक देखिन्छ ।

स्टाइल र युवापन प्रोत्साहित गर्नसक्ने इलाइटको लाइफ सपोर्ट फिचर्स आधुनिक मौलिकताको एउटा विशेषता हो । स्मार्टफोनमा गोरिल्ला ग्लासको प्रयोग गरिएको हुँदा टुटफुट र स्क्र्याच हुनबाट जोगिने छ । एन्ड्रोइड लोलिपप ५.० अपरेटिङ सिष्टम, १.३ गीगाहर्ज क्वाडकोर प्रसेसर, २ जीबी र्‍याम, १६ जीबी आन्तरिक मेमोरी, २१ सय एमएएच ली पोली ब्याट्री लगायतका सुविधा यसमा रहेका छन् ।

स्मार्टफोनमा पछाडि १३ मेगापिक्सेल र अगाडि ५ मेगापिक्सेल क्यामेरा जडान गरिएको छ । अगाडिको क्यामेरामा समेत अटोफोकस फ्ल्यास रहेको हुँदा अँध्यारोमा समेत उत्कृष्ट सेल्फी खिच्न सकिने छ । पछाडिको क्यामेरामा दुईवटा फ्ल्यास राखिएको छ । ८२.८ डिग्रीको पछाडिको क्यामेरा र ८७.७ डिग्रीको अगाडिको क्यामेराले वाइड एंगलमा फोटो खिच्न सकिने छ । अगाडिको क्यामेरामा फेस ब्युटी, अटो स्माइल डिटेक्सन लगायतका सुविधा रहेका छन् ।

यसैगरी अष्ट्रो सिरिजका फिचर फोनमा जीपीआरएस, डिजिटल क्यामेरा, टर्च लाइट, ब्लुटुथ, वायरलेस एफएम रेडियो, एक्सटेन्डवल मेमोरी, शक्तिशाली ब्याट्री लगायतका सुविधाहरु रहेको कम्पनीले जनाएको छ ।

आकाशमा उड्ने चाहना कसलाई हुन्न र ! चरा झैं उड्दै हावामा कावा खाँदै मनोरम दृश्य नियाल्दै आकाशमा रमाउन नयाँ पुस्ता झन् लालायित हुने नै भए । प्याराग्यालडिङमा रमाउने नयाँपुस्ता नेपालमा धेरै छन् । तर माओवादीको जनयुद्ध, संक्रमणकाल, विनाशकारी महाभूकम्प अनि भारतले गरेको अघोषित नाकाबन्दीले नेपालको पर्यटनलगायत देशको हरेक क्षेत्र अस्तव्यस्त पारिरहेको अवस्थामा पनि नेपालमा दुई दशकदेखि प्याराग्याइडिङ संचालन भइरहेको छ । काठमाडौं र पोखरापछि पूर्वको सुन्दर नगरी धरान उपमहानगरपालिकामा प्रशिक्षण सुरू भएर उडान भइसकेको छ । धरानमा





# प्याराग्लाइडिङमा युवा आकर्षण





प्रशिक्षण उडान सफल भएर व्यावसायिक रूपले उडान भइरहेको छ । पूर्वको धरानमा साहसिक खेल पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गर्न लागिपरेको पाइलटहरु बताउँछन् ।

नेपालको काठमाडौं र पोखरा जाने अधिकांश पर्यटकहरु प्याराग्यालइडिङ गर्न इच्छुक हुनुले धरानमा पनि व्यावसायिक प्याराग्लाइडिङ उडान हुनसके समग्र पर्यटन एवं आर्थिक क्षेत्रलाई नै फाइदा पुग्ने व्यवसायी निर्मल आर्चाय बताउँछन् । धरानमा एडभेन्चरको रूपमा लिइने प्याराग्लाइडिङको व्यावसायिक उंडान भर्दै धरान स्काइ एडभेन्चर एण्ड प्याराग्लाइडिङ हर्ष राइडिङले व्यावसायिक उडान सुरू गरिरहेको उनी बताउँछन् । व्यावसायिक उडान सुरू गरेको पहिलो दिन ५ वटा मात्र उडान भएको राइडिङका संचालक आचार्य बताउँछन् ।

त्यस्तै गरी बुढासुब्बा प्याराग्लाइडिङ प्रालिले पनि धरानमा उडान भरिरहेको छ । एक उडानमा एक पाइलटका साथै २ जना उड्न पाउने छन् । एक पटकमा ३० देखि ३५ मिनेटसम्म उडान भर्न सक्ने आचार्य बताउँछन । प्रत्येक उडानमा ७ हजार मूल्य तोकिएको छ । राइडिङमा ६ जना पाइलट रहेका संचालक आचार्य बताउँछन् । उनी भन्छन्- 'अहिले रेस्पोन्स राम्रो आएको छ, पूर्वका विभिन्न स्थानबाट फोन गरेर उडान भर्न मन छ भनेर सोध्ने गर्छन् । विश्वमा धेरै उत्कृष्ट स्थानमा प्याराग्लाइडिङमा रमाउने मानिसहरु पाइन्छ ।

नेपालमा प्याराग्याइडिङ सुरु भएको झण्डै दुई दशकमा पहिलो पटक सरकारले लाइसेन्स दिंदा पूर्वका ६ पाइलटले पाएका छन् । लाइसेन्स पाउनेहरूमा धरानका देशवीर जिमी, मणिराज तामाङ र नरेश राई हुन् भने एरोन राई झापाका हुन् । जीवनकुमार थेवे र लाक्पा शेर्पा सोलुखुम्बुका हुन् । अहिले लाइसेन्स प्राप्त पूर्वका पाइलटहरु पूर्वाञ्चलमै व्यावसायिक उडान भर्दै छन् । पोखरामा उडान गरिरहेका एकसय चार पाइलटले अस्थायी लाइसेन्स प्राप्त गरिसकेका छन् ।

■ शब्द/तस्वीर : सोहन श्रेष्ठ



● रमिता श्रेष्ठ
ब्युटी एक्सपर्ट

# घरैमा गर्न सकिन्छ पार्टी मेकअप

**पार्टी मेकअप भन्ने वित्तिकै व्युटी पार्लर नै जानुपर्छ भन्ने छैन । यदि तरिका जान्ने हो भने घरमा नै बसेर पार्टी मेकअप गर्न सकिन्छ । पार्टी मेकअप गर्दा अरुभन्दा विशेष देखिने गर्छ । यसले तपाईंको अनुहारलाई राम्रो बनाउनुका साथै तपाईंको अनुहारलाई अझ आकर्षक बनाउन मद्दत गर्ने गर्छ । ब्युटीपार्लर नगइकन घरैबाट पार्टी मेकअप गरेर जाने सोच गर्नुभएको छ भने तपाईंको घरमा मेकअपका सबै सामग्री हुन आवश्यक छ ।**



### आवश्यक सामग्री

- किल्जिङ, बेस वा फाउन्डेसन, कम्प्याक्ट, आइलाइनर, मस्करा, लिपकलर लिपस्टिक, आइब्रो पेन्सिल, ब्लसर ।

### फेस मेकअप

- आफ्नो अनुहारको मेकअपबाट सुन्दर देखिनका लागि सबैभन्दा पहिला क्लिजिङ् गर्ने ।
- टोनर र मोस्चराइजरको प्रयोग गर्ने । त्यसपछि कन्सीलरको प्रयोग गर्ने । यसले छालामा दाग भएमा र डण्डीफोर भएमा लुकाउन मद्दत गर्छ ।
- छालाको प्रकार हेरेर मात्र फाउन्डेसनको प्रयोग गर्नुपर्दछ ।
- सिमर लुक दिनका लागि क्रिम ब्लसर लगाउने ।
- अन्त्यमा अनुहारमा फेस पाउडर लगाउने र नेचुरल लुक देखाउने ।

### आई मेकअप

- रातिको पार्टी मेकअपमा डार्क मेकअप गर्नाले आँखामा डार्कपन आउने भएकोले अझ आकर्षक देखिन्छ ।
- दिउँसोको पार्टी मेकअपमा भने हल्का लाइट कलर प्रयोग गर्नु राम्रो हुन्छ ।
- मेकअप सुरू गर्नुभन्दा पहिला फाउन्डेसन र पाउडरको प्रयोग गर्नु पर्छ ।
- आइ-ब्रोलाई हल्का कालो वा ब्राउन कलरको पेन्सिलले कोर्ने ।
- आई मेकअप गर्दा लुगाको कलरसँगै म्याच भएको रंग प्रयोग गर्नुपर्छ ।
- यदि आँखा थाकेको छ या फुलेको छ भने भुलेर पनि कडा कलरको मेकअप गर्नु हुँदैन ।

### हेयर स्टाइल

- मेकअपको अलावा तपाईंको हेयर स्टाइललाई पनि ध्यान दिनु पर्ने हुन्छ । हेयर स्टाइलमा पनि नयाँ लुक दिन सकिन्छ ।

### ओठको मेकअप

- ओठलाई सानो बनाउनका लागि ओठको लिप लाइनरको ओठभित्रबाट कोर्ने । डार्क लाइनरको प्रयोग गर्नु हुँदैन । लिप ग्लस्को सिंगल कोट लगाउने । यदि सानो ओठ भए ठूलो देखाउनका लागि लिप लाइनरको प्रयोग बाहिरबाटै गर्नु जरूरी हुन्छ । ओठमा म्याच हुने लिपिस्टिकको प्रयोग गर्ने बानी बसाल्नु पर्छ । अन्तमा लिप ग्लसको सहायताबाट ओठलाई हाइलाइट गर्ने ।

# मोडलिङमा मदनको मन

Like: 124
Post reach: 3,201

**सहयोगी भावनाका मदन नयाँ–नयाँ साथी बनाउन मन पराउँछन् । मदनलाई मोडलिङका अलावा गीत सुन्न र चलचित्र हेर्न मन पर्छ । अरुको दुःखलाई आफ्नो सम्झी सहयोग गर्ने मान्छे उनलाई प्यारो लाग्छ ।**

Bagaicha
Restro & Bar
Jawalakhel, Lalitpur, Nepal, Tel: 01-5548148
Email: newsbagaicha@yahoo.com

सधैं आफ्नो कर्तव्यमा लगनशील गोर्खाका मदन गुरूङलाई सानैदेखि अभिनय र फुटबलले लोभ्यायो । मोडलिङ पेसालाई सबै थोक ठान्ने उनी जाउलाखेलस्थित डीएभी कलेजमा अध्ययनरत छन् । आफूले बुनेका सपना पूरा गर्न पढाइसँगै मदनले फुर्सद मिलाएर जागिरका लागि समय छुट्याएका छन् । मदनलाई मोडलिङका अलावा गीत सुन्न र चलचित्र हेर्न मन पर्छ । रमाइलोका लागि मोडलिङसम्बन्धी रेडियो–टीभी कार्यक्रममा सहभागी भइरहन्थे उनी । त्यसैले पनि मोडलिङ पेसाप्रति आकर्षित भएको बताउँछन् मदन । सहयोगी भावनाका उनी नयाँ–नयाँ साथी बनाउन मन पराउँछन् । अरूको दु:खलाई आफ्नो सम्झी सहयोग गर्ने मान्छे उनलाई प्यारो लाग्छ ।

मदन आफूले पालेका दुई वटा लक्ष्यलाई साकार पार्न चाहन्छ– चर्चित फुटबल खेलाडी र राम्रो अभिनेता बन्ने । उनी आफूभित्र भएको कला प्रदर्शन गरेर सबैको मन जित्न चाहन्छ । आफूले रोजेका दुई वटै पेसाबाट जीवन निर्वाह गर्न सकिंदैन भन्ने मदनलाई थाहा छ । आफूभित्र रहेको क्षमता प्रदर्शन गर्नु नै उनले ठूलो सन्तुष्टि ठानेका छन् । 'पैसाले सबै इच्छा पूरा गर्दैन', मदन भन्छन्– 'थोरैमा पनि रमाउन सिक्नुपर्छ । जसले आफ्नो रहर नमारोस् ।'

उनी हट नेपालको प्रतिभा स्तम्भको विजेता भएकोमा दंग छन् । नयाँ प्रतिभाका लागि 'प्लेटफर्म' दिएर राम्रो कलाकार जन्माउने प्रयास गरेकोमा उनले हट नेपाललाई धन्यवाद दिए ।




हट नेपाल मासिकले कला क्षेत्र (अभिनय, मोडलिङ, संगीत)मा आउन चाहनेहरूका लागि सहजकर्ताको काम गर्नेछ । हाम्रो फेसबुक पेज www.facebook.com/hotnepalmagazine को इनबक्सभित्र आफ्नो फोटो र विवरण पठाउनुहोस् । त्यसलाई हामी फेसबुक पेजमा पोष्ट गरिदिन्छौं । एक महिनाको अवधिमा बढी लाइक पाउने एक जनाको अन्तरवार्ता हट नेपालमा प्रकाशित गरिनेछ । विजेताले जावलाखेलस्थित बगैंचा रेष्ट्रो एन्ड बारमा दुई जनाका लागि लञ्च वा डिनरको सुविधा प्राप्त गर्नेछन् । त्यसैले आफ्नो विवरण, फोटो र इमेल तथा सम्पर्क ठेगाना पठाउनुहोस् । तपाईंको रूचिलाई हामी सार्थक बनाइदिने छौं । – सम्पादक

# दोस्रो विश्वयुद्धमा नेपालको भूमिका मास्कोमा चर्चा

मास्कोको केन्द्रबाट पश्चिमतिर सेतुन र फिल्का भनिने स-साना खोलाहरूको बीचमा रहेको पोक्लोन्नाया गोरा भनिने ढिस्कोमा २० वर्षअघि अस्तित्वमा आएको विजयपार्कमा महान् देशभक्तिपूर्ण युद्धमा सोभियत जनताको विजयको स्मारकस्वरूप स्मृति-संग्रहालय रहेको छ । हाल मास्कोवासीको घुमफिर गर्ने एक रमणीय स्थल बनेको यस ठाउँबाट मास्को छर्लङ्ग देखिने हुँदा मास्कोबाट बाहिरिने मानिसहरूले उहिले यस ठाउँबाट सुनौला गजुरहरूको शहर मानिने मास्कोका चर्चहरूको अवलोकन गरी ढोग्ने गरेको हुँदा यस ढिस्कोले पोक्लोन्नाया गोरा (शब्दशः 'नतमस्तकगिरि') भन्ने नाउँ पाएको थियो । यसै रमणीय ढिस्कोमा महान् देशभक्तिपूर्ण युद्ध (सन् १०४१-१९४५) मा सोभियत जनताको विजयको स्मारकस्वरूप यहाँ २० वर्षअघि सन् १९९५ मा विशाल विजयपार्क र संग्रहालयको उद्‌घाटन समारोह सम्पन्न गरिएको थियो । यस विजयपार्कमा रूसका चारै प्रमुख धर्महरूको प्रतीक (क्रिश्चियन अर्थाडक्स चर्च, यहूदी सिनागोग, इस्लामिक मस्जिद र बौद्धविहार) निर्माण गर्ने योजना अनुसार पहिला तीन धार्मिक स्थलहरु बनिसकेका छन् र बौद्धविहार चाहिँ अद्यापि निर्माणाधीन अवस्थामै छ ।

रूस-नेपाल सहयोग तथा मैत्री समाजको तत्वावधानमा २९ अक्टोबर २०१५ का दिन यसै संग्रहालयको एक कक्षमा फाशीवादविरूद्ध महान् विजयको ७० वर्षान्त र दोस्रो विश्वयुद्धमा नेपालको योगदानको सन्दर्भमा एक भव्य समारोहको आयोजना गरिएको थियो । त्यसमा मैत्री समाजका कार्यकर्ताका अतिरिक्त रूस परराष्ट्र मन्त्रालय तथा अन्य सामाजिक संघसंस्थाका प्रतिनिधिहरु, लेखककवि, पत्रकार तथा उद्यमीहरूका साथै विशेष अतिथिका रूपमा रूसका लागि नेपाली राजदूत डा. रविमोहन सापकोटा कोपिला, मास्कोस्थित नेपाली राजदूतावास परिवार, गैरआवासीय नेपाली संघ रूसका अध्यक्ष दीनानाथ राजभण्डारीसहित नेपाली उद्यमी, व्यवसायी तथा विद्यार्थीहरूको पनि सहभागिता रहेको थियो ।

रूस-नेपाल सहयोग तथा मैत्री समाजका अध्यक्ष मिखाइल नेक्रासोभको सभापतित्वमा सम्पन्न समारोहमा यसै मैत्री समाजका उपाध्यक्ष, रूसको परराष्ट्र मन्त्रालयका प्रतिनिधि भ्लादिमिर फेदोतोभद्वारा 'दोस्रो विश्वयुद्धमा फाशीवादमाथि विजयप्राप्तिमा नेपालको सहभागिता र भूमिका' भन्ने विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । रूसका लागि नेपाली राजदूत, मैत्री समाजका संरक्षक परिषद्‌का पदेन सदस्य डा. रविमोहन सापकोटा कोपिलाले आधा शताब्दीभन्दा बढी समयदेखि जनस्तरमा नेपाल र रूसका बीच मैत्री तथा सद्भावनाको सुदृढीकरणमा गहकिलो योगदान पुऱ्याइरहेको नेपाल-रूस सहयोग तथा मैत्री समाजको क्रियाकलापको सराहना गर्दै दोस्रो विश्वयुद्धको ७०औं वर्षान्तको उपलक्ष्यमा विजय-स्मारकस्थलमा भव्य समारोहको आयोजना गरिएकोमा हार्दिक कृतज्ञता ज्ञापन गरेका थिए ।

भव्य समारोहमा यसै साल नेपालमा गएको महाभूकम्पको भीषण परिणामको निराकरण तथा राहत कार्यमा सक्रिय योगदान पुऱ्याउने सामाजिक एवं व्यापारिक संस्थाका प्रतिनिधिहरुतथा लोककल्याणकारी कार्यमा भाग लिने व्यक्तिहरूलाई कृतज्ञता ज्ञापनपत्र प्रदान गरिएको थियो । रूस-नेपाल सहयोग तथा मैत्री समाजको निर्णयबमोजिम एभ्गेनिया गोरेमिकिना (एपिडबिओमेड कम्पनीकी महानिर्देशिका), जोरान कोभाच (हेर्ग्योग इन्जिनियरिङ्ग कम्पनीका महानिर्देशक), मिखायल नेक्राशोभ (नानोलेक कम्पनीका महानिर्देशक), प्योत्र कानिगिन (मिक्रोगेनका कम्पनीका महानिर्देशक), इगोर शेपेलिन (एपिडबिओमेड कम्पनीका महानिर्देशक), इभान राद्युश्किन (बिओहोल्ड कम्पनीका महानिर्देशक), कोन्स्तान्तिन शेपेलिन (इन्टेरबिओ कम्पनीका महानिर्देशक), एभ्गेनी शरोखिन (एपिडबिओमेड लिमिटेडका अध्यक्ष), इगोर शाब्ब (इएफके डीभीएम इन्भेस्ट लिमिटेड कम्पनीका







महानिर्देशक), मिखाइल पोलेभ्काएभ (युगोभ फर्निचर कारखानाका महानिर्देशक), भ्लादिमिर जानिबेकोभ (रुस-नेपाल सहयोग तथा मैत्री समाजका संरक्षक परिषद्का अध्यक्ष), अलेक्सान्द्र सोलोभ्योभ (मैत्री समाजका मानार्थ अध्यक्ष), एभ्गेनी कोजोरेजोभ (मैत्री समाजको संरक्षक परिषद्का सदस्य), लारिसा सिनित्सिन (मैत्री समाजकी कोषाध्यक्ष), मणिराज पोखरेल (मैत्री समाजका उपाध्यक्ष), ऋषिकान्त मण्डल (मैत्री समाजको संरक्षक परिषद्का सदस्य), बोरिस भेर्शिनिन (मैत्री समाजका महासचिव) र मिखाइल मार्तिरोस्यान (रसियाली उद्यमी) लाई भव्य समारोहमा नेपाली राजदूत डा. सापकोटाले कृतज्ञता ज्ञापनपत्र हस्तान्तरण गरेका थिए ।

भव्य समारोहका सहभागीहरूले महान् देशभक्तिपूर्ण युद्धमा सोभियत जनताको अतुलनीय वीरताको झलक दिने विजय-संग्रहालयको दृश्यावलोकन गर्नुका साथै फाशिवादविरूद्धको युद्धमा आत्मोत्सर्ग गरी भावी पुस्ताका लागि विश्वमा शान्तिस्थापनार्थ वीरगति प्राप्त गर्नेहरूको स्मृतिमा भावनात्मक श्रद्धाञ्जलि अर्पण गरेका थिए ।

■ कृष्णप्रकाश श्रेष्ठ

*समाचार स्रोत र फोटो सौजन्य : बोरिस भेर्शिनिन*










जुलाई महिना चीनको स्वशासित क्षेत्र तिब्बतको फूलाआनमा सूर्यको तेजिलो किरण, हरियो जौ र पहेंलो यौ छाई फूलहरूको एउटा सुन्दर दृश्य देख्न सकिन्छ । मयुर नदी शान्तसँग एकोहोरो बगिरहेको छ । जिल्लाको केन्द्रीय क्षेत्रमा पर्ने फूलाआन सीमा व्यापारिक बजारमा मात्रै मानिसहरु तथा सवारीसाधनको भिडभाड र रमाइलो आवाज सुन्न सकिन्छ ।

यस बजारमा प्रवेश गर्ने वित्तिकै बजारको ढोका नजिकै एक कालो वर्णका पुरूषको ठूलो आवाजले सबैको ध्यानाकर्षण गर्छ । उनी यस जिल्लाका प्रसिद्ध व्यवसायी दीपक सिंह बोहरा हुन् । ५१ वर्षीय दीपकले फूलाआन सीमा क्षेत्रस्थित बजारमा एउटा पसल सञ्चालन गरेका छन् । १८ वर्षको हुँदादेखि नै उनले चीन, नेपाल र भारतबीचको सीमा क्षेत्रमा पर्ने फूलाआन जिल्लामा व्यापार सुरू गरेकामा अहिले ३३ वर्ष पूरा भइसकेको छ । यो ३३ वर्षको अनुभव पार गरी उनले नेपाली भाषाबाहेक तिब्बती, चिनियाँ, हिन्दी र अंग्रेजी भाषा पनि बोल्न सक्छन् । साथै उनको फूलाआन बासिन्दा मात्र नभई अन्य नेपाली र भारतीय व्यवसायीहरूसँगको सम्बन्ध घनिष्ठ छ । त्यसै कारणले गर्दा उनी निर्वाचनमा फूलाआन सीमा व्यापारिक बजार अन्तर्गत नेपाली वाणिज्य समितिका अध्यक्ष बने । उनले भने- 'सीमा व्यापार मेरो एक पारिवारिक जीवनशैली हो । मेरो परिवारले फूलाआनमा व्यापार गरेको लगातार चार-पाँच सय वर्षको इतिहास रहेको छ । मेरो पुस्तौंपुस्ता यहाँको व्यापारबाट अलग हुन सकेको छैन ।'





# तिब्बतमा चर्चित नेपाली व्यवसायी













१८ वर्षको हुँदा आफ्नो बुबासँग पहिलोपटक फूलाआनमा व्यापार गर्दाको अवस्था बारेमा सम्झना गर्दै दीपकले खराब प्राकृतिक वातावरण, सुस्त यातायात, अनौठो भाषा, मन्द व्यापार आदि कठिनाइका कारण व्यापार-व्यवसाय गर्ने विचार त्याग्न लागेका थिए तर आफ्नो बुबा र स्थानीय साथीको सहयोगमा उनले यहाँको व्यापारलाई कायम राखे । निरन्तर क्रियाशीलताका कारण यी ३३ वर्षमा फूलाआनमा आएको परिवर्तनको दीपक प्रत्यक्ष साक्षी बनेका छन् । उनले भने- 'पहिलेको तुलनामा वर्तमान फूलाआनको व्यापारिक अवस्था एकदमै राम्रो छ । व्यापारिक परिमाण बढेको छ र व्यवसायीको संख्यामा पनि ठूलो वृद्धि भएको छ ।'

चीन, नेपाल र भारत तीन मुलुकको सीमा बन्दरगाहको रूपमा फूलाआनको पाँच सय वर्षभन्दा लामो इतिहास रहेको छ । चीन विशेष गरी तिब्बतमा खुलापन नीति लागू भएपछि फूलाआनले आफ्नो जिल्लामा सीमा व्यापारिक बजारको स्थापना गर्नुका साथै हरेक विदेशी व्यापारीका लागि हरेक दिन आठ हजार चिनियाँ युआनको आयात, मालसामानलाई शून्य करको सहुलियत सुविधा प्रदान गरेको थियो जसबाट ठूलो परिमाणमा नेपाली तथा भारतीय व्यापारीको सक्रियता बढेको थियो । हालसम्म फूलाआन सीमा व्यापारिक बजारमा व्यापार गर्ने नेपाली तथा भारतीय व्यावसायिक पसलको संख्या ३३९ पुगेको छ ।

स्थानीय अर्थतन्त्रको विकास र सहुलियत व्यापारिक नियमले दीपकको व्यापारमा सकारात्मक प्रभाव पारेको छ । उनको पसलमा रहेका विविध विशेषतायुक्त नेपाली मालसामान स्थानीय तिब्बती बासिन्दा र विदेशी पर्यटकले एकदमै रूचाएका छन् । फूलाआन जिल्लामा अर्को नयाँ सीमा व्यापारिक बजारको स्थापना गरिने भएको छ । उक्त नयाँ बजारमा आफ्नो अझ ठूलो पसल स्थापना गर्ने सोच दीपकले बनाएका छन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*



# चीनका चर्चित कलाकार एण्डी लिउ

एण्डी लिउको जन्म सन् १९६१ को सेप्टेम्बर २७ तारिख चीनको हङकङमा भएको हो । उनी एक उत्कृष्ट अभिनेता मात्र होइन चर्चित गायक पनि हुन् । उनले हङकङ विशेष प्रशासनिक क्षेत्रबाट आदर पदक प्राप्त गरेका छन् । चिनियाँ भाषाको मनोरञ्जन क्षेत्रमा उनी एक उत्कृष्ट प्रतिनिधि कलाकार हुन् ।

### टेलिभिजन शृङ्खला

सन् १९८२ मा उनले 'हङकङ हङकङ' नामक टेलिभिजन शृंखलामा पहिलो पटक मुख्य भूमिकामा अभिनय गरेका थिए । यस टेलिभिजन शृंखलाबाट उनले अमेरिकी टेलिभिजन महोत्सवमा टेलिभिजन शृंखला विशेष पुरस्कार प्राप्त गरे । सन् १९८३ मा टेलिभिजन ब्रोडकास्टिङ टिबिबीको पूर्ण समर्थनमा उनले 'द कन्डोर हिरोज', 'द डियर एण्ड द कल्ड्रोन' आदि टेलिभिजन शृंखलामा मुख्य अभिनेताको रूपमा काम गरे ।

### चलचित्र

सन् १९८२ मा उनले नामी निर्देशक स्यु आन ह्वानको चलचित्र 'बोट पीपल'मा अभिनय गरे । सो चलचित्र उनको पहिलो चलचित्र हो । यस चलचित्रबाट उनी दोस्रो हङकङ चलचित्र पुरस्कारमा सर्वश्रेष्ठ नव कलाकारको सूचीमा मनोनित भएका थिए तर पुरस्कार भने प्राप्त गर्न सकेनन् । त्यसै गरी सन् १९८८ मा उत्कृष्ट निर्देशक वाङ च्या वैको चलचित्र 'एज टियर्स गो बाई' मा हङकङ चलचित्र पुरस्कारमा सबैभन्दा उत्कृष्ट अभिनेताको सूचीमा परेका थिए तर यस पटक पनि उनले पुरस्कार प्राप्त गर्न सकेनन् ।

गत शताब्दीको ९० को दशकमा उनले फरक फरक किसिमका चलचित्रमा अभिनय गरेका थिए । सन् १९९१ मा ल्यू ल नामक प्रहरीको जीवनमा आधारित चलचित्र 'लि रक'मा उनले मुख्य भूमिकामा अभिनय गरे । यस लोकप्रिय चलचित्रबाट उनी दोस्रो पटक हङकङ चलचित्र पुरस्कारमा सबैभन्दा उत्कृष्ट अभिनेताको सूचीमा परेका थिए । सन् १९९३ मा चलचित्र 'डेज अफ टुमारो'मा मुख्य भूमिकामा अभिनय गरे । सन् १९९४ मा उनले आफैले लगानी गरेको चलचित्र 'हेभन एण्ड अर्थ'मा अभिनय गरे । यस चलचित्र चीनको मुख्य भूमिमा छायांकन गरिएको थियो । सन् १९९९ मा नामी निर्देशक तु छि फङको चलचित्र 'रनिङ्ग आउट अफ टाइम'मा उत्कृष्ट अभिनयबाट उनले हङकङ चलचित्र पुरस्कारमा सबैभन्दा उत्कृष्ट अभिनेता कलाकार पुरस्कार पहिलो पटक प्राप्त गरे ।

सन् २००४ मा उनले अन्तर्राष्ट्रिय नामी निर्देशक चाङ यी मौको मार्शल आर्ट चलचित्र 'हाउस अफ फ्लाइङ डेगर्स'मा मुख्य भूमिकामा अभिनय गरे र निर्देशक फन स्याउ काङको चलचित्र 'अ वर्ल्ड विथआउट थिभ्स'मा मुख्य भूमिकामा अभिनय गरे । यी दुई चलचित्र धेरै लोकप्रिय छन् ।

सन् २००७ मा उनले निर्देशक छङ ख सिङको चलचित्र 'द वारलर्डस्'मा मुख्य भूमिकामा अभिनय गरे । यस चलचित्रबाट पनि उनी हङकङ चलचित्र पुरस्कारमा सबैभन्दा उत्कृष्ट अभिनेता कलाकार सूचीमा पर्न सफल भए । सन् २०११ मा उनको आफ्नै लगानी र मुख्य भूमिका रहेको चलचित्र 'अ सिम्पल लाइफ'बाट उनले ४८औं ताइवान 'गोल्डेन हर्स अवार्ड'मा सर्वोत्कृष्ट अभिनेता पुरस्कार र ३१औं हङकङ चलचित्र पुरस्कारमा सर्वोत्कृष्ट अभिनेता पुरस्कार प्राप्त गरे ।

### संगीत

एण्डी लिउले सन् १९८५ मा आफ्नो पहिलो संगीत एल्बम सार्वजनिक गरेका थिए । तर यस एल्बम लोकप्रिय भने भएन । तर सन् १९८७ मा उनको गीत 'इमोशनल रेस्ट्रिक्टेड एरिया' धेरै लोकप्रिय भएको थियो । सन् १९९० मा उनले सार्वजनिक गरेका चिनियाँ भाषा संगीतको एल्बम 'रू को नि श व त छ्वाङ शौ' अर्थात 'इफ यू आर माई लेजेण्ड' पन्ध्र लाख प्रति बिक्री भएको थियो । सन् १९९१ मा सार्वजनिक भएको उनको संगीत एल्बम 'आई पु वाङ' अर्थात् 'इण्डलेस लभ' पहिलो दिनमा नै एक लाख साठी हजार प्रति बिक्री भएको थियो ।

सन् १९९३ को जनवरीमा उनले हङकङ रंगशालामा आफ्नो पहिलो एकल कन्सर्ट गरे । सन् १९९५ मा उनले चिनियाँ केन्द्रीय टेलिभिजनको स्प्रीङ फेस्टिभल गालामा गीत गाए । सोबाट उनी मुख्य भूमिमा झन् बढी लोकप्रिय भएका छन् ।

सन् १९९४ मा उनले एण्डी लिउ परोपकारी फाउन्डेशन पनि स्थापना गरेका छन् । यस समयदेखि एण्डी लिउले धेरै परोपकारी गतिविधिमा भाग लिंदै आएका छन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*




**सन् १९९३ को जनवरीमा लिउले हङकङ रंगशालामा आफ्नो पहिलो एकल कन्सर्ट गरे । सन् १९९५ मा उनले चिनियाँ केन्द्रीय टेलिभिजनको स्प्रीङ फेस्टिभल गालामा गीत गाए । सोबाट उनी मुख्य भूमिमा झन् बढी लोकप्रिय भएका छन् ।**

# पर्यावरणीय पर्यटनबाट जीवनस्तर सुधार

चीनको कान च तिब्बती स्वायत्त प्रिफेक्चर सांग्रिला पर्यावरणीय पर्यटन क्षेत्रको केन्द्र हो । यस क्षेत्रलाई विश्व पर्यटन संगठनबाट चीनको प्राकृतिक पर्यावरणीय पर्यटन र तिब्बती सांस्कृतिक पर्यटन गन्तव्यको रूपमा राखिएको छ । पर्यावरणीय प्राकृतिक दृश्य र विशाल तिब्बती संस्कृतिबाट विश्वका विभिन्न क्षेत्रका धेरै पर्यटक यस क्षेत्रप्रति आकर्षित भएका छन् । तीमध्ये सबैको ध्यान तान्न सक्षम सांस्कृतिक पर्यटनले तिब्बतीहरूको जीवनमा ठूलो परिवर्तन ल्याएको छ ।


कान च प्रिफेक्चरको खाङ तिङ जिल्लाको सिनतुछ्याउ टाउनमा हरेक वर्ष धेरै पर्यटक र फोटोग्राफीका पारखी पुग्छन् । पहिले दृश्यावलोकन र भ्रमण गर्ने धेरै जान्थे भने अहिले तिब्बती संस्कृति र जीवनको अनुभव लिनेहरु धेरै पुग्ने गरेका छन् । तिब्बती चासिफङछो र श्रीमती निमाछोले तिब्बती विशेषतायुक्त सांस्कृतिक अतिथिगृह संचालन गरेका छन् । फोटोग्राफी पारखीले त्यो अतिथि गृहलाई 'फोटोग्राफिक स्वर्ग' नाम दिएका छन् । चासिफोङछोको विचारमा तिब्बती शिष्टाचार र संस्कृति लिएर पाहुनालाई स्वागत गर्ने उनको अतिथिगृहको विशेषता मात्र होइन तिब्बती संस्कृतिलाई देखाउने र संरक्षण गर्ने राम्रो उपाय पनि हो । उनले भने- 'हामी तिब्बती हौं । हाम्रो परम्परालाई कायम राख्ने मेरो आशा छ । यदि पर्यटक आएर हान जातिको संस्कृति मात्रै देखेमा त्यसले कुनै पनि सांस्कृतिक अर्थ राख्दैन । यहाँ तिब्बती शैली कायम राख्नु सबैभन्दा राम्रो हुन्छ ।'

सदाचारी श्रीमती निमाछोले अतिथिगृहलाई निकै सुन्दर बनाएर सजाएकी छन् । त्यहाँ बस्ने पर्यटकले आफ्नै घरमा बसेको जस्तो अनुभव गर्ने गर्छन् । अतिथिगृहअगाडि विभिन्न किसिमका सुन्दर फूल फुलेका छन्, ढोकामा तिब्बती जौ र गोरुको सिङ राखिएको छ । यस्तो सजावटले अतिथिगृहलाई सरल र सुन्दर बनाएको छ । बैठक कोठामा नौनी चियाको सुगन्ध मगमगाइरहेको छ र दुवैपट्टि भित्तामा रंगीन तिब्बती सजावटहरु र पर्यटकका फोटोहरु राखिएका छन् । त्यसबाट धेरै पर्यटकले तिब्बती संस्कृति पर्यटनको एक अंशको रूपमा लिएको स्पष्ट देखिन्छ । चासिफङछोका अनुसार तिब्बती पर्यटन उद्योग विकास हुनुअगाडि स्थानीयको जीवन निकै गाह्रो थियो । तर समृद्धि हुँदैआएको तिब्बती संस्कृति पर्यटनबाट तिब्बतको सुन्दरता देखाइएको छ । साथै स्थानीयले आफ्नो जीवनस्तर पनि सुधार गरेका छन् । चासिफङछोले भनिन्- 'हाम्रो तिब्बती क्षेत्रका लागि पर्यटक आकर्षण अवश्य राम्रो छ । किनभने यहाँका मानिसले पर्यटन क्षेत्रबाट नै आफ्नो जीवनस्तर उकासेका छन् । साथै स्थानीय सरकारले पनि लगानी बढाएको छ; जसबाट पानी, बिजुली, राजमार्ग सबै पुऱ्याइएको छ । हाल पर्यटकको लागि यहाँ घुम्न पनि सुरक्षित छ अनि विभिन्न अवस्था पनि राम्रो भएको छ ।'

यति मात्रै होइन खाङ तिङ जिल्ला सरकारले नियमित रूपमा विभिन्न अतिथिगृहका मालिकको संगठन बनाएर विकसित पर्यटन क्षेत्रबाट सिक्ने अवसर पनि प्रदान गरेको छ । यसरी नै विकसित अनुभव लिएर स्थानीय तिब्बती संस्कृति पर्यटन उद्योगको विकासलाई अझै समृद्ध बनाउन सकिन्छ ।

चीनको सबभन्दा सुन्दर गाउँको रूपमा मानिएको कान च प्रिफेक्चरको तान पा जिल्लाले पनि मुख्यतः तिब्बती संस्कृति पर्यटन उद्योगको रूपमा विकास गरेको हो । स्थानीय सरकारले सारा जिल्लामा पर्यटन उद्योग विकास गरी चीनको नमूना पर्यटन जिल्लाको विकास गर्ने योजना बनाएको छ । तान पा जिल्लाको तिब्बती शिविरलगायत विभिन्न भवनहरूको हजारौं वर्षको इतिहास छ । हाल झनै बढी पर्यटकलाई त्यसले आकर्षित गरेको छ । स्याच्यागमा र दुई जना बहिनीले तान पाको प्रसिद्ध दृश्यावलोकन क्षेत्र च्या च्यु तिब्बती शिविर समूहमा एउटा च्या च्यु तीन दिदी-बहिनी नामक अतिथिगृह सञ्चालन गरेका छन् । सुरुमा तीन जना दिदी-बहिनी तीनवटा पलङ मात्रै भएको सानो घरमा बस्थे र पर्यटक पनि थोरै थिए । तर प्रयास गरी हाल उक्त अतिथिगृह स्थानीय क्षेत्रमा नमूनाका रूपमा स्थापित छ । त्यहाँ बसेका वार्षिक पर्यटको संख्या पनि बीसौं हजारसम्म पुगेको छ । स्याच्यागमाले जानकारी दिएअनुसार त्यहाँ











ठूलो होटेलको सेवा पाइँदैन तापनि तिब्बती शैली भएको शिविरले असंख्य पर्यटकलाई तानेको छ । शिविरमा तिब्बती विशेषता र स्वतन्त्र अनुभवलाई पर्यटकले अत्यधिक रूचाएका छन् ।

अतिथिगृहको संस्कृति पर्यटनको विकासबाहेक तान पा जिल्लाको ढुङ्गाको पर्खाल बनाउने कलाले पनि झनै बढी ध्यान तानेको छ । तान पा जिल्लामा ढुङ्गाको पर्खाल बनाउने कलाको उत्तराधिकारी छिमेइपातानले जानकारी दिएअनुसार हाल उनका थुप्रै चेलाले उक्त सीप सिकिसके अनि सुधार गरी नयाँ तिब्बती शिविरको निर्माणमा प्रयोग गरिसके । तान पामा अवलोकन गर्दै पर्यटक ली यी लुङले तिब्बती शिविर र ढुङ्गे भवनको उच्च मूल्याङ्कन गरे । उनले भने- 'त्यसको आफ्नो विशेष शैली छ । सोचाइभन्दा अझै सुन्दर छ । यहाँका मानिस पनि राम्रा छन् ।'

यातायात समस्या नै तिब्बती क्षेत्रको पर्यटन विकासलाई बाधा पार्ने मुख्य तत्व भइरहेको छ । तर सारा जिल्ला पर्यटन उद्योग विकास योजनालाई व्यवहारमा उतार्दा यस समस्याको छिटै समाधान गर्न सकिनेछ । तिब्बती क्षेत्रको सांस्कृतिक ऐतिहासिक क्षेत्रको संरक्षण र पर्यटन उद्योगको दिगो विकासबारे चर्चा गर्दै तान पा जिल्ला पर्यटन ब्यूरोका उप-प्रमुख स्याङ चङ च्युनले सरकारले सम्बन्धित योजनाको तर्जुमा गरिसकेको बताए । उनले भने- 'गाउँमा घर मर्मत गर्ने एउटा मापदण्ड तोकिएको छ अर्थात् पुर्खाबाट पुस्तान्तरण भएको कुराको आधारमा मात्र मर्मत गर्नुपर्छ तर सिमेन्ट प्रयोग गर्नु हुँदैन । पुरानो ढुङ्गे भवनलाई पनि पुरातात्विक वस्तुको संरक्षण कार्यक्रममा राखिएको छ । हाम्रो परम्परागत शैलीको पुस्तान्तरण गर्नका लागि अहिले त्यसको संरक्षण योजनाको तर्जुमा भइरहेको छ ।'

सारा जिल्ला पर्यटन उद्योग विकास योजनाको आधारमा हाल पर्यटन उद्योगको ठूलो विकास भएको छ । केही क्षेत्रको अतिथिगृह संचालन भएपछि पारिवारिक आयवृद्धि ६० प्रतिशत पुगेको छ । त्यसबाट तिब्बती संस्कृतिको विकासका साथै तिब्बतीहरूको जीवनस्तरमा पनि सुधार भएको छ । भविष्यमा पर्यटन उद्योगको व्यवस्थापन स्थानीय सरकारको नयाँ कार्य बन्नेछ ।

*(साभार : सीआरआई नेपाली सेवा)*


हरिशरण सायमी


मनराजा नकर्मी


राजु सिंह



विजेन श्रेष्ठ


महाराज थापा

# नेपाली संगीतको सिजन अफ

नेपाली संगीत बजारको पनि आफ्नैखाले सिजन हुने गरेको छ । सिजनमा मात्र संगीतको व्यापार हुने गरेको र बेसिजनमा अरू व्यवसाय जस्तै सेलाउने गरेको छ । नेपाली संगीतको सिजन भनेको वैशाखबाट असोज महिनासम्म बढी हुने गर्छ । बाँकी ६ महिना सिजन अफ जस्तै हो । यी ६ महिनामा संगीत बजारमा सामान्य चहलपहल बाहेक खासै अरू नहुने जानकारी नेपालका ख्यातिप्राप्त म्युजिक एरेन्जर तथा म्युजिक कम्पोजर महाराज थापाले दिएका छन् ।

वैशाखदेखि असोजसम्म अत्यन्त व्यस्त भएर काम गर्ने थापा अरू महिनामा प्रायः फुर्सदमा हुने गरेका छन् । दसैंपछि आफ्नो व्यवसायमा सिजन अफ भइरहेको यथार्थ पस्कदै वैशाखदेखि असोजसम्म म्युजिकमा काम गर्नेहरूको जोश नै बेग्लै हुने र असोजको दसैं सकेपछि विस्तारै त्यो जोश सकिंदै जाने तथा त्यसपछिको चिसोयाममा पूरै सुस्ताउने गरेको खुलासा थापाले गरेका छन् ।

पहिलाजस्तो नेपाली संगीत उद्योगमा सीडी क्यासेटको उत्पादन तथा विक्रीबाट आम्दानी नहुने भएकोले एल्बम निकाल्ने कार्यमा ह्रास आइरहेको छ । फाट्टफुट्ट एल्बम निक्लने बाहेक त्यति एल्बम निक्लनै छाडिसकेको जानकारी अर्का म्युजिक कम्पोजर तथा सुर मेलोडी रेकर्डिङ स्टुडियोका प्रोप्राइटर सुरेन्द्र श्रेष्ठले बताएका छन् ।

पहिलाजस्तो एल्बमै ननिस्के पनि गीत-संगीतको रेकर्डिङ गर्ने कार्यमा भने कमी नआएको श्रेष्ठ बताउँछन् । रहर र करले गीत रेकर्ड गर्ने-गराउने गायक-गायिका, गीतकार तथा संगीतकारहरूको जमातले नेपाली संगीत बजारलाई मर्न नदिएको उनको तर्क छ । त्यो जमातले नेपाली संगीतको बजार एल्बम विक्रीबाट उत्थान हुन नसकेपछि विश्व मार्केटिङमा युट्युबको माध्यमबाट गर्ने प्रयास भएको प्लाटिनेम रेकर्डिङ स्टुडियोका रेकर्डिष्ट तथा म्युजिक कम्पोजर बिजेन श्रेष्ठ बताउँछन् ।

एल्बम ननिकाले पनि गीत रेकर्ड सकिएपछि तिनको मार्केटिङका लागि म्युजिक भिडियो बनाएर युट्युब तथा विभिन्न अनलाइन पत्रिकाहरु मार्फत प्रवर्द्धन गर्ने नयाँ परम्पराको विकास भइसकेको रेकर्डिष्ट श्रेष्ठ बताउँछन् । यसले केही हदसम्म मर्न लागेको नेपाली संगीत बजारमा संजीवनीको कार्य गरेको तर्क रेडियो नेपालका ख्यातिप्राप्त तबलावादक एवम् संगीतकार मनराजा नकर्मी गर्छन् ।

संगीतकार राजु सिंह संगीतमा केही वर्षयता विचलन आएको भए पनि संगीतको बजार नसेलाएको र अझ दरिलो भएर आएको जिकिर गर्छन् । युवा पुस्ताको नेपाली संगीतप्रतिको मोहले यसलाई बढावा दिने कार्य गरेको पनि संगीतकार सिंहको बुझाइ छ ।


Ncell
बडा दशैं र तिहार २०७२ को
उपलक्ष्यमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

www.cfmonair.com

प्रश्न सटिक

सफा जवाफ

एउटा सिधापनको खोज

सिधा कुरा

प्रत्यक्ष सम्बाद

हरेक दिन बिहान ७ बजे

प्रत्यक्ष सहभागिताका लागि
सम्पर्क नम्बर ०१-४४७५३४४, ४४७५३४६

capitalFM™ 92.4 cent percent yours.....

नयाँ बानेश्वर, काठमाडौं, सम्पर्क : ०१-४४७५३४५, ४४७५३४६
ईमेल : info@cfmonair.com